पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३० अङ्क : ३६ २०७० वैशाख १३ गते शुक्रबार (Apr 26, 2013) मूल्य रू. ७/-

## राप्रपाभित्र राजतन्त्रको मुद्दा

काठमाडौं । राप्रपा र राजपाको एकीकृत वैठकमा राजेश्वर देवकोटा र लोकेन्द्रबहादुर चन्दले हिन्दू राष्ट्र, राजतन्त्रात्मक गणतन्त्रको मुद्दा लिएर चुनावमा जानुपर्छ भन्ने प्रस्ताव गरेपछि ठूलो बहस सुरू भएको छ । यो प्रस्तावमा सूर्यबहादुर थापा र पशुपति शम्शेर राणाले आंशिक सहमति गर्दै ८० प्रतिशत हिन्दू भएको देशमा कसरी धर्म निरपेक्षता हुन सक्छ ? भन्ने विषयलाई चुनावी मुद्दा बनाउन समहत भएका छन् ।





एक अन्तरर्वार्तामा पशुपति शमशेर राणाले हिन्दू राष्ट्र हाम्रो राजनीतिक मुद्दा भनेपनि सूर्यबहादुर थापाले राजतन्त्र बोकेर (बाँकी अन्तिम पेजमा)

# मोहन वैद्य चुनाव विरोधी ठहर

काठमाडौं । आफ्ना माग पुरा नभएसम्म वार्तामा नजाने र चुनाव हुन्छ भने कुनै पनि हालतमा विथोल्ने घोषित नीति लिएको नेकपोतस्–माओवादी, (मोहन वैद्य)लाई ४ दलको शीर्ष सिन्डिकेटले चुनाव विरोधी ठहर गरेको छ । राष्ट्रपति डा.रामवरण यादवले गत मंगलबार पुर्ख्यौली घर, जनकपुर पुगेर दिएको एक अन्तरर्वार्तामा असन्तुष्टहरूले सरकारसँगै वार्ता गर्नुपर्छ भनेर आफूले माओवादीको माग अनुसार वार्ता गर्न नसक्ने जनाउ दिएका छन् ।



तर वैद्यसहितका ३३ र त्यसमा स–साना २४ दल समेत मिसिएकाले ५७ दलको मोर्चाले चैत्र ३० गतेको सहमति, चार दलको सिन्डिकेट र खिलराज रेग्मी सकरारको विघटनको माग गरेका छन् । जबसम्म गोलमेच सम्मेलन गरेर वार्ता गरिन्न तबसम्म चुनाव हुनै नदिने अडान असन्तुष्टहरूको छ । वैद्य पक्षले संगठित रूपमा निर्वाचन आयोग पुगेर फोटोसहितको मतदाता सूची संकलन र नागरिकता वितरण अभियानमा अवरोध गर्ने बताएर वैशाख ८ गतेदेखि सुरू भएको यो कार्यमा आतंक सिर्जना गरिदिएका छन् । चैत २० गते अघि वैद्य पक्षले मतदाता सूची संकलन गर्ने कार्य बिथोल्न भक्तपुरमै पनि वितण्डा मच्चाएपछि निर्वाचन आयोग पछि हटेको थियो ।

गृहमन्त्रीको संयोजकत्वमा गठित वार्ता समितिले गरेको वैशाख ८ र ९ गतेको प्रस्तावलाई वैद्य समूहले बहिस्कार गरिदिएको थियो । अब वार्ता माग पुरा नभएसम्म असम्भव देखिएको छ । ४ शीर्ष दलको सिन्डिकेट संयन्त्रले वैद्य पक्षलाई निर्वाचन विरोधी ठहर गरेपछि र प्रचण्डले कसैले निर्वाचनमा भाग नलिए पनि निर्वाचन हुन्छ भनेर पेलेरै अघि बढ्ने नीति लिएपछि मुलुक निर्वाचनभन्दा पनि भिडन्त र हिंसा, हत्या र रक्तपातको खतरातिर लागेको अनुभूति गर्न थालिएको छ । चौथो ठूलो दललाई बाहिर राखेर निर्वाचन कसरी हुन्छ ? भन्ने कांग्रेस, एमालेका नेताहरूले मंसिरमा पनि निर्वाचन नहुने आशंका गर्न थालेका छन् ।

## प्रचण्ड नायक कि खलनायक ?

काठमाडौं । बागलुङबाट त्यति बेलाका एकीकरण नायक पृथ्वीनारायण शाह थिए भने आफू आजको राजनीतिक नायक भएको घोषणा गरेर चीन गएका प्रचण्ड नेपाल फर्कनासाथ नेपाल–चीन–भारत त्रीदेशीय संगठन विन्दू बनाउन सफल भएको घोषणा गर्न पुगेका छन् । यसअघि देशको जिम्मा एमाओवादीले लियो भनेर डुक्रने प्रचण्ड वैशाख १५ गते भारत जाँदैछन् र फर्केर उनले त्यस्तै मानसिक असन्तुलनयुक्त अर्को सगुफा छोड्ने निश्चित छ ।

पृथ्वीनारायण शाहको सालिक फोडेर क्रान्तिकारी बनेका प्रचण्ड, अब आफैंलाई बडामहाराजधिराजभन्दा ठूलो बादशाह सम्झन थालेका छन् र सबै राजनीतिक दलहरूको मानमर्दन गर्दै २४० (बाँकी अन्तिम पेजमा)

## पूर्वप्रधानमन्त्रीहरूको अनुहार उदाङ्गियो

अभियान संवाददाता

काठमाडौं । जनताको दुहाई दिएर सत्तामा पुगेका वामपन्थी प्रधानमन्त्रीहरूले राज्यकोष माथि ब्रम्हलुट मच्याउँदै राज्यकोषको दुरूपयोग गरेका समाचारहरू प्रकाशित भएका छन् । नेपालका दुर्गम जिल्लामा बसोबास गर्ने गरिब नेपाली जनताले सिटामोल जस्तो सामान्य औषधी समेत खान नपाएर अकालमा ज्यान गुमाउनु परिरहेको अवस्थामा पूर्व प्रधानमन्त्रीहरू पुष्पकमल दाहाल, माधव नेपाल, झलनाथ खनाल र डा.बाबुराम भट्टराईले करोडौं रकम



आफ्ना कार्यकर्तालाई मन्त्रिपरिषद्को कार्यालयबाटै बाँडेका छन् । चारै जना पूर्व प्रधानमन्त्रीले झण्डै ७१ करोड रकम बाँडेका छन् । उनीहरूले रकम आफ्ना नजिकका कार्यकर्ता, हुनेखानेहरूलाई बाँडेका हुन् ।

२०६५ साल भाद्र ९ गतेदेखि २०६९ फागुनसम्म ७१ करोड रकम बाँडिएको छ । आर्थिक सहायता र चन्दा बाँड्न चारै जनाले प्रतिस्पर्धा नै गरेका छन् । ठूलो रकम आ–आफ्ना दलका कार्यकर्तालाई बाँडेका र त्यसको (बाँकी अन्तिम पेजमा)

## सेनापति राणा उत्तर देउ

अभियान संवाददाता

काठमाडौं । एकीकृत नेकपा माओवादीका उपाध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले आफू प्रधानमन्त्री भएकै बेला राष्ट्रपति डा.रामवरण यादवले आफूलाई 'कु' गर्ने चारपटकसम्म असफल प्रयास गरेको उद्घोष गरेका छन् । गत मंसिरमा पनि राष्ट्रपतिले 'कु' गर्न नेपाली सेनाका प्रधानसेनापतिसँग परामर्श गरेको आरोप लगाएपछि राष्ट्रपतिकार्यलयबाट त्यसको खण्डन गर्दै देशमा कार्यकारी प्रधानमन्त्रीय प्रणाली भएको हुनाले भट्टराईको कार्यकालमा भएका सबै घटनाको जिम्मेवारी पनि सरकार प्रमुख भट्टराईकै हुने प्रष्ट परीएको छ ।



पूर्वप्रधानमन्त्री भट्टराईले प्रधानसोपतिसँग राष्ट्रपतिले 'कु' गर्न परामर्श गरेको भन्ने आरोपका सम्बन्धमा प्रधानसेनापति गौरबशम्शेर राणा भने मौन रहेकाले सेनाको छविमाथि समेत प्रश्न उठेको छ । सेनापति र (बाँकी अन्तिम पेजमा)

## आयोग र दलबीच जुहारी

काठमाडौं । एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र मधेसी मोर्चाको सहयोग र समर्थनमा बनेको वहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको सरकारविरूद्ध तिनै दल खनिन थालेका छन् । यी चार दलको सहमितमा निर्वाचन आयोगका पदाधिकारीहरू पनि नियुक्त गरियो । अहिले आफैंले नियुक्त गरेको सरकार र आयोगका विरूद्ध दलहरू खनिएको दृश्यले नेपाली राजनीतिमा नयाँ तरङ्ग ल्याएको छ । निर्वाचन कानुन र संविधानसभाको आकारलाई लिएर निर्वाचन आयोगका पदाधिकारी (बाँकी अन्तिम पेजमा)

## प्रहरी नै बलात्कारीको मतियार



काठमाडौं । सुनसरीको पनिदामा १५ वर्षीया एक किशोरीलाई चारहात खुट्टा बाँधेर रातभर बलात्कार गरिएको घटनामा पीडित पक्षले जाहेरी दिन जाँदा प्रहरीले जाहेरी समेत नलिएको घटनाको खुलासा भएपछि यस घटनाले गृह मन्त्रालयदेखि प्रहरी प्रधानकार्यालयसम्म ९ रेक्टरको भुकम्प गएको छ ।

मैया (नाम परिवर्तन)लाई पशुलाई झैं हातखुट्टा बाँधेर रातभर सामूहिक बलात्कार गरिएपछि भोली पल्ट पीडितपक्ष र महिला अधिकारकर्मी (बाँकी अन्तिम पेजमा)

## यो नै हो वास्तविक समाधान

*शाश्‍वत शर्मा*

जतिचोटी संविधानसभाको (यदी गर्न सकेमा) चुनाव गराए पनि उत्तम निकास भनेको ०४७ सालको संविधानको केही मूल भावनाहरूलाई यथावत राखेर बाँकी समयानुकूल संशोधन नै हो । त्यो बाहेक अरू विकल्प नै छैन, यदि मुलुकमा शान्ति, स्थिरता र विकास चाहने हो भने । त्यसो त विगत ६/७ वर्षका राजनीतिक क्रियाकलाप एवं घटनाक्रमहरूले यो मुलुकमा रहेका समस्याहरूको जड राजसंस्था होइन रहेछ, समस्या त आफूहरूलाई जनताका प्रतिनिधि हौं भनेर दाबी गर्नेहरूबाट नै रहेछ भन्ने कुराको पुष्टि भइसकेको छ । समस्या न त र राजसंस्था वा राजतन्त्रबाट थियो, न त धर्मबाट नै ।

वास्तवमा समस्या त तथाकथित नेताहरू र तिनको विदेशीहरू, खासगरी दक्षिणको मित्र (?) राष्ट्रको 'चरण'मा परेर आफ्नो र पार्टीको राजनीतिक भविष्य सुनिश्चित गर्ने नीतिले गर्दा नै हो भन्ने कुरामा अब दुई मत हुन सक्दैन । विचार गरौं त, ०४५/४६ सालको आन्दोलनको एक वर्ष पछि नै ०४७ सालमा सर्वमान्य संविधान जारी गर्न सकिएको घटनालाई । केही सामान्य घटनाहरूलाई छाडेर विना कुनै बिघ्नबाधा राजा र जनता दुवैथरीलाई मान्य हुने संविधान दिन सकिएको थियो– २०४७ सालमा । तर आज ? यति विघ्न प्रपन्च गराउँदा पहिलो संविधानसभा त्यत्तिकै असफल भयो नै, दोस्रोको पनि न चुनावको टुंगो छ, न त्यसपछि बन्ने संविधानको नै । अब शान्ति, स्थिरता, आदि इत्यादी त तपसीलका कुरा हुन गए ।



त, फेरि पनि भन्नुपर्दा, जबसम्म मुलुकमा रहेका सम्पूर्ण शक्तिहरूलाई पनि स्थान दिन सकिँदैन, जबसम्म तिनलाई सम्मान दिन सकिँदैन तबसम्म यहाँ कसैले मुलुक हाँक्छु भनेर नभने हुन्छ । होला, विदेशीको भरमा दुई चार वर्ष, आठ दश वर्ष सत्ताको रजाइँ गर्न पनि सकिएला । तर त्यो नै समस्याको असली समाधान कदापी (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

अभियान साप्ताहिक

## सम्पादकीय

# सरकार चार दलको सिन्डिकेट मात्र नहोस्

*स्थानीय विकास एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री विद्याधर मल्लिकले वर्तमान खिलराज रेग्मी नेतृत्वको सरकार चार दलको सचिवालय नभएको बताएर सरकारले चार दल बाहेकका अन्य दलको सम्मान राख्ने उद्घोष गरेका छन् । रेग्मी सरकार चार दलको सहमतिमा निर्माण भएपछि अन्य दलहरुले सरकार गठनको प्रक्रिया नै गलत भएको भन्दै सडक संघर्ष नै सुरु गरेको अवस्थामा मन्त्री मल्लिकले त्यस्तो अभिव्यक्ति दिनु जायज नै मानिनु पर्दछ । मन्त्री मल्लिकले आगामी निर्वाचनलाई नै प्रभावित गर्ने गरी चार दलले सरुवा बढुवा र नियुक्तिमा दबाब दिएको हुनाले उनले त्यस्तो दबाव अविलम्ब रोक्न चार दललाई आग्रह समेत गरेका छन् ।*

*वर्तमान सरकार गैरराजनीतिक सरकार भएको र सरकारको पहिल्लो दायित्व र कर्तव्य भनेको संविधानसभाको स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित निर्वाचन गराउनु नै हो । सरकारले अवाश्यक देखेमा आफ्नो विवेक प्रयोग गरेर कसैको दवाब स्वीकार नगरी सरुवा, बढुवा र नियुक्त गर्न सक्छ । कार्यकारी अधिकार सम्पन्न सरकार भएको हुनाले उसले चार दलको दवाद स्विकार गर्दा अन्य दलहरु चिढिन सक्ने भएको हुनाले स्वतन्त्र भएर आवश्यकता अनुसार नियुक्ति, सुरुवा, बढुवा गर्नु सरकारको दायित्व र कर्तव्य नै हो । सरकारले चुनावी वातावरण बिगार्ने कार्य कुनै हालतमा पनि गर्न उचित हुँदैन । पछिल्लो पटक सडक संघर्षमा गएका नेकपा-माओवादीसमेतका दलहरुले चार दलीय सिन्डिकेटको सरकार भन्ने आरोप लगाइरहेका बेला मन्त्रिपरिषद्का अध्यक्षले नै आफ्नो सरकार चार दलीय सिन्डिकेटको मात्र होइन सम्पूर्ण नेपाली जनताको सरकार हो भनेर प्रष्ट पार्नु पर्नेमा मन्त्री मल्लिक त्यस्तो अभिव्यक्ति दिनु स्वागत योग्य नै छ ।*

*रेग्मी सरकार गैर राजनीतिक चरीत्रको सरकार भएको र यो सरकार सबै दलहरुप्रति समान रुपमा उत्तरदायी भएर आफ्नो कार्या अगाडि बढाउनु पर्छ । तर बिडम्बवना नै मनिनु पर्छ, चार दलले आफ्नै दलको सरकार भएको जस्तो ब्यवहार देखाउन थालेको हुनाले सरकार अन्य दलहरुको तोरो बनेको सत्य वास्तविकता हो । तर दलले केही महत्वपूर्ण विषयहरुमा निर्णय गर्न लिखित आदेश दिएका छन् । चार दलको उच्चस्तरीय संयन्त्रलाई चुनावी वातावरण निर्माण गर्न प्रयोग गरिनु उचित हुन्छ । तर चार दलले त्यही राजनीतिक संयन्त्र मार्फत् आ-आफ्ना मान्छेलाई आकर्षक मानिएका ठाउँहरुमा सरुवा, बढुवा गर्न सरकारलाई दबाब दिइरहेको हुनाले यी ने चारै दल रेग्मी सरकारलाई असफल पार्न त सक्रिय भएका होइनन् भन्ने प्रश्न समेत उठ्न थालेको छ । चार दलीय सिन्डिकेटले मात्र मुलुक सञ्चालन हुने भए किन यिनै चार राजनीतिक दलका नेताको नेतृत्वमा चुनावी सरकार निर्माण गर्न सकेनन् त ? चार दलले हामीहरु असक्षम र असफल भयौं भनेरै वहालवाला प्रधान्यायाधीश रेग्मीको अध्यक्षतामा पूर्व प्रशासकहरु सम्मिलित सरकार गठन गरेका हुन् । रेग्मी सरकारलाई निर्वाचनका विषयमा बाहेक अन्य दैनिक कार्य सञ्चालनका विषयमा दावब दिने, सरुवा, बढुवामा यसो गर, उसो गर भन्ने दिर्नेशन दिने अधिकार दलहरुले रेग्मी सरकार गठन भएकै दिन गुमाइ सकेका हुनाले उनीहरुको दबाब सरकारले स्वीकार गर्नु भनेको रेग्मी सरकारले आफ्नो असक्षमता र असफलता देखाउनु मात्र हो ।*

*सरकारले दल दलको दबाबमा सरुवा, बढुवा र नियुक्ती गर्दा केही दलहरुलाई सहयोग गरेको र अन्य दलहरुलाई बेवास्ता गरेको आरोप लाग्न सक्छ । सरकारका लागि सबै दलहरु समान हुन् र सबै दललाई समान ब्यवहार वा समान दुरीमा राख्नु नै रेग्मी सरकारको लागि उपयुक्त विकल्प हुनसक्छ । निर्वाचनमा कुनै दलका कुनै नेतालाई सघाउने र कुनैलाई हराउने कार्यका लागि कर्मचारीहरुको प्रयोग गरिनु किमार्थ उचित नहुने भएको हुनाले सरकारले सबै दलहरुलाई समान ब्यवहार देखाउँदै आफ्नो विवेक प्रयोग गरेर दैनिक कार्य सञ्चालन गर्नु सरकारको दायित्व हो ।*

*निर्वाचनको वतावरण मिलाउने कार्य सरकारको मात्र होइन र चार दलीय सिन्डिकेट वा चार दलीय उच्चस्तरीय राजनीतिक संयन्त्र निर्माण गर्दा नै संफ स्त्रको दायित्व भनेको निर्वाचनको वातावरण सिर्जन गर्ने हो भन्ने उल्लेख भएको हुनाले संयन्त्रले सरकार सञ्चालनमा हस्तक्षेप, दबाब दिने होइन की सबै दलको सहभागितामा कसरी निर्वाचन सम्पन्न गराउने भन्ने विषयमा मात्र सीमित भएर निर्वाचनको कार्य लागि मात्र सरकारलाई सुझाव दिनु उचित हुने हामीले ठानेका छौं ।*

# सर्वदलीय संयन्त्र आवश्यक

देवेन्द्र चुडाल

खिलराज रेग्मी नेतृत्वको सरकारको लागि सबैभन्दा महत्वपूर्ण काम भनेको मुलुकमा दिगो रूपमा सुशासन कायम गर्नु नै हो । चार राजनीतिक दल एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र मधेसी मोर्चासहित राष्ट्रपतिको सहयोग र समर्थनमा रेग्मी सरकारको निर्माण भएको हुनाले यी पक्षबाट रेग्मी सरकारलाई राम्रो सहयोग र सर्थन हुने कुरामा दुईमत छैन । सरकारमा रहेका व्यक्तिहरू पूर्व उच्च प्रशासक भएका हुनाले मुलुकको अवस्थाप्रति उनीहरू जानिफकार रहेका छन् । अब आउँदो असार महिनाभित्रमा कुनै पनि हालतमा निर्वाचन हुन नसक्ने पक्कापक्की भएको हुनाले २०७०/०७१ को लागि बजेट ल्याउने कार्यभार समेत रेग्मी सरकारको काँधमा आएको छ । विगतका सरकारहरूले राजनीतिक स्वार्थपूर्तिका लागि राजनीतिक दबाबमा बजेट निर्माण गर्ने गरेका भएपनि अहिले त्यो अवस्था नभएको हुनाले रेग्मी सरकारले जनतालाई राहतको प्याकेज सहितको बजेट ल्याउनु पर्ने र कर्मचारीहरूलाई विश्वासमा लिएर अगाडि बढ्नु पर्ने चुनौतीलाई सरकारले पार लगाएको खण्डमा रेग्मी सरकार गठन भएको सार्थकता रहनसक्छ । रेग्मी सरकार सानातिना, झिनामसिना कार्यहरूमा नअलमलिई मुलुकमा सुशासन कायम गर्न अग्रसर हुनैपर्छ । सरकारमा पूर्व उच्च प्रशासकहरूको सहभागिता भएको हुनाले मुलुक र कर्मचारीको अवस्थाको बारेमा मन्त्रीहरूलाई कसैले जानकारी गराउनु पर्ने आवश्यकता नै छैन । विधिको शासन कायम हुन सकेन भने मुलुकमा अराजकता बढ्ने र दण्डहीनताले प्रश्रय पाउने भएको हुनाले विधिको शासन कायम गराउँदै समग्र निजी क्षेत्रसहित आमनागरिकलाई सुशासनको प्रत्याभूति दिन रेग्मी सरकार सफल भयो भने आम जनताम विश्वासको वातावरण सिर्जना हुन्छ । जनता र निजीक्षेत्रमा विश्वासको वातावरण सिर्जना भएको खण्डमा लगानी बृद्धि हुने र रोजगारीमा समेत बृद्धि भई लागनीकर्ताहरूको मनोबल बढ्न गई विदेशी लगानी पनि भित्रिन सक्छ । पछिल्लो समयमा हामीकहाँ विधि र नियमको पालना हुन नसकेको र दण्डहीनताले प्रश्रय पाएको हुनाले सबै क्षेत्र त्यसको शिकार भएका छन् । सरकारले विधि र नियमको पालना गराउन सक्छ र गराउँछ भन्ने प्रत्याभूति गराउन सक्नु पर्छ । जनताले सरकार भएको अनुभूति प्रत्यक्ष रूपमा गर्न पाएको खण्डमा मात्र रेग्मी सरकारको औचित्य हुन सक्छ ।

अब कार्तिक अन्तिम हप्ता वा मंसिरको पहिला साता वा मंसिरभित्रमा मात्र निर्वाचन हुने पक्कापक्की जस्तै भएको छ । मंसिरभित्रमा निर्वाचन हुने भएपछि २०७०/०७१को बजेट ल्याउने कार्य समेत रेग्मी सरकारकै भएको हुनाले रेग्मी सरकारले अहिलेदेखि नै त्यसतर्फ ध्यान दिएर लामो भद्दा र कनिका छरेझैं बजेट छर्ने कार्यक्रमको पोको ल्याएर जनतालाई झुक्याउने कार्य गर्नु हुँदैन । जनतालाई प्रत्यक्षरूपमा राहत पुग्ने र प्राथमिकताका साथ निश्चित कार्यक्रमहरू तयार गरेर बजेट ल्याइएको खण्डमा मात्र त्यसले जनतामा प्रत्यक्ष प्रभाव पार्न सक्छ । राष्ट्रिय आवश्यकताका योजनाहरू प्राथमिकता तोकेरै त्यस्ता योजना र परियोजनाका लागि पर्याप्त बजेटको व्यवस्था गरेर बजेट ल्याएको खण्डमा मुलुकले केही हदसम्म राहत पाउन सक्छ । योजना, परियोजनाहरू छनोट गर्दा र कार्यान्वयन गर्दा सरकारले विशेष ध्यान दिएको खण्डमा त्यस्ता योजना, परियोजनाहरू तोकिएको समयमा सम्पन्न हुन सक्ने अवस्था हुन्छ । अहिले प्रत्येक क्षेत्रमा अविश्वासको वातावरण बनेको छ । यस्तो अविश्वासको वातवारणलाई विश्वासिलो बनाउने काम सरकारको हो । विगतका सरकारहरूलाई भन्दा रेग्मी सरकारलाई कार्य सम्पादन गर्न केही हदसम्म सजिलो अवस्था छ । सरकारमा पूर्व उच्च प्रशासकहरू सामेल भएको र मन्त्रिपरिषद् अध्यक्ष रेग्मी सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीश समेत रहेका हुनाले उनको जनतासँग प्रत्यक्ष सम्बन्ध नभएको हुनाले पार्टीको नेतृत्वमा बनेको सरकारलाई जस्तो उनलाई दबाब छैन । मुलुकलाई निकास दिनको लागि रेग्मीलाई सरकार प्रमुख बनाउने दलहरूले समेत रेग्मी सरकार असफल भए आफूहरू पनि पूर्ण असफल हुने भयले गर्दा उनलाई सरकार चलाउने कार्यमा त्यति दबाब दिन सक्ने अवस्था छैन । रेग्मी सरकारको पहिलो दायित्व र कर्तव्य भनेको सांविधानसभाको निर्वाचन गराएर सत्ता दलहरूलाई सुम्पिनु नै हो । प्रधानन्यायाधीश नै सरकार प्रमुख भएको अवस्थामा हुने निर्वाचन धाँधलीरहित स्वतन्त्र र निष्पक्ष हुनै पर्दछ । कहिँकतै धाँधली गर्ने र स्वतन्त्र रूपमा निर्वाचन हुन नसकेको खण्डमा त्यसको सम्पूर्ण दोष रेग्मी सरकारले लिनु पर्ने भएको हुनाले रेग्मीले त्यसतर्फ ध्यान पुऱ्याउनै पर्दछ ।

मंसिरमा निर्वाचन हुने भएपछि निर्वाचनका नाममा चन्दा आतंक, अपहरण जस्ता घटनाहरू विगतदेखि नै हुँदै आएको र अहिले पनि त्यस्ता घटनाहरू दोहोरिन सक्ने भएको हुनाले शान्ति सुरक्षा बहाली गराउनु रेग्मी सरकारको अर्को महत्वपूर्ण कार्य हो । निजी क्षेत्रका व्यापारी, उद्योगपति र लगानीकर्ताहरूलाई व्यापक दुःख दिने कार्य हुन सक्ने र राजनीतिक दलका कार्यकर्ता र विभिन्न प्रकारका भातृसंगठनहरूले चन्दा माग्ने, भनेजति नदिएको खण्डमा अनेक प्रकारका धम्की दिने भएको हुनाले त्यस्ता कार्यलाई निरूत्साहित गर्न पनि प्रहरी प्रशासनको सक्रियता बढाउनु पर्ने आवश्यकता प्रष्ट रूपमा देखिएको छ । सरकारले प्राथमिकता तोकेर प्राथमिकताका आधारमा विशेष जोड दिएर आफ्नो नीति तथा कार्यक्रम अगाडि बढाएको खण्डमा गिर्दो आर्थिक वृद्धिदर आउँदो वर्ष बढ्न सक्ने अवस्था देखिएको छ । सरकारले बजेट निर्माण गर्दा प्राथमिकताका आधारमा कृषि, पर्यटन, जलविद्युत, पूर्वाधारविस्तार, उत्पादनमूलक उद्योगहरूमा प्रर्याप्त मात्रमा बजेटको व्यवस्था गर्न सके त्यस्तो कार्यबाट मुलुकमै रोजगारी सिर्जना भई दैनिक हजारौंहजार युवायुवतीहरू विदेश पलायन हुनुपर्ने अहिलेको अवस्थामा केही कमी ल्याउन सकिन्छ । अहिले सञ्चालनमा रहेका सबै योजना परियोजनाहरू समयमै सम्पन्न गर्ने प्रतिबद्धताका साथ २०७०/०७१ को बजेट ल्याइनु मुलुक र नेपाली जनताको हितमा हुनेछ । अहिले सञ्चालनमा रहेका योजना, परियोजना जस्तै माथिल्लो तामाकोशी, मध्यपहाडी लोकमार्ग, सिक्टा सिचाई आयोजना, फास्ट ट्र्याकलगायतका अन्य आयोजनाहरू समयमै सम्पन्न गर्न सकिएको खण्डमा नेपाली जनताले विकासको अनुभूति गर्न पाउने र राष्ट्रले समेत ठूलो लाभ लिन सक्ने सम्भावना बढेर गएको छ । अहिले काठमाडौं उपत्यकाका जनताले सडक विस्तारको क्रममा धेरै सास्ती पाएका छन् । सडक विस्तारले गर्दा काठमाडौंका कतिपय क्षेत्रमा खानेपानीको अभाव भएको छ । पूर्ववर्ती डा.बाबुराम भट्टराई नेतृत्वको सरकारले सडक विस्तार गर्ने कार्यका थालनी गर्दा ६ महिनाभित्रमा विस्तार कार्य पुरा गर्ने बताए पनि एक वर्षसम्म पनि कुनै पनि सडकको विस्तार कार्य सम्पन्न हुन नसकेकको कारणले जनताले अनेक सास्ती पाएका छन् । धुलो र धुँवाका कारण अस्पतालहरूमा विरामीहरूको चाप बढेको छ । धेरै व्यक्तिहरूमा दम रोग देखापरेको अस्पतालहरूले बताएका हुनाले रेग्मी सरकारले सबैभन्दा पहिला उपत्यकाको सडक विस्तारको कर्यालाई सम्पन्न गर्न सम्बन्धित निकायलाई कडा निर्देशन दिनु आवश्यक भएको छ । सडक विस्तारको कार्यमा अवरोध सिर्जना गर्नेहरू माथि कानुनी कारबाही गर्न सरकार पछि हटेको खण्डमा त्यसले दण्डहीनतालाई प्रश्रय दिने भएको हुनाले विधिको शासन लागु गराउने कार्यमा सरकार पछि हट्नु हुँदैन ।

निर्वाचन गराउने संवैधानिक दायित्व पाएको सरकारले दैनिक कार्य सञ्चालनमा विवेक पुऱ्याउन नसकेको खण्डमा उसले कर्मचारीतन्त्रबाट राम्रो सहयोग र

बाँकी ४ पेजमा

# मंसिरमा पनि निर्वाचन हुन्न ?



राजन कार्की

चुनावका लागि भनेर बनेको खिलराज सरकारको मार्ग चुनावसम्म पुग्लाजस्तो छैन । किनभने राजनीतिक सहमतिले सर्वसहमतिको रूप धारण गर्न सकेन । असन्तुष्ट दलहरूलाई सन्तुष्ट पारेर सहमतिमा ल्याउने प्रयास खिलराज सरकारले गर्दै गरेन । खाली भारा टार्ने हिसावले वार्तामा आउ भन्दैमा त्यसलाई इमान्दार प्रयास भन्न र मान्न सकिन्न । त्यसकारण पनि खिलराज सरकार चुनाव गराउन सक्लाजस्तो देखिन्न ।

दृश्य वा अदृश्य, जस्तोसुकै राजनीतिक अथवा कूटनीतिक तन्त्रमन्त्र लगाएर भए पनि खिलराज रेग्मी सर्वोच्च अदालतको सम्मानित न्यायमर्तिको सिटबाट उठेर शितल निवास पुगे अनि सपथ खाएर सिंहदरवार घुसे । चैत १ गते निर्वाचन गराउने स्वतन्त्र सरकारको रूपमा नेपालको शासनसत्ताको शक्ति पृथकीकरणको सिद्धान्तविपरित कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको समेत एकाधिकार अधिकार ग्रहण गरेका खिलराज रेग्मी मन्त्रिपरिषदका अध्यक्ष त भए तर यो ५ हप्तामा ५ मिनेट पनि उनले राजनीतिक मैदानमा उम्रिएका, विषवृक्ष भएर हल्किएका अविश्वास र असन्तोष हटाउने प्रयत्न गर्दै गरेनन् । मन्त्रिपरिषदका अध्यक्ष खिलराज रेग्मी ५ हप्ता शासनसत्ताको 'मजा' लुटिसेकेपछि अहिले आएर भन्दैछन्– राजनीतिक दलहरूले वातावरण बनाउंछन् भने निर्वाचनको मिति तोकिने छ, तोकिएको मितिमा स्वतन्त्र, निष्पक्ष र धांधलीरहित रूपमा निर्वाचन सम्पन्न हुनेछ ।

के भनेको यो ? निर्वैचन गराउने दायित्व कबुल गरेर आफैं सरकारको लगाम समात्न तैयार हुने अनि राजनीतिक दलहरूले निर्वाचनको वातावरण बनाइदिनुपर्ने ? निर्वैचनको वातावरण निर्माण गर्न मन्त्रिपरिषदका अध्यक्ष खिलराज रेग्मी र उनको टिमले स्वतन्त्र, निष्पक्ष र धांधलीरहित रूपमा निर्वाचन हुन्छ भनेर राजनीतिक दलहरूलाई विश्वासमा लिनुपर्दैन ? त्यस्तो प्रयत्न खोई ? असन्तुष्ट दलहरू सरकार निर्माण र बाधा अड्काउ फुकाउको संविधान संशोधन प्रक्रियामै असहमति प्रकट गर्दै खिलराज सरकार अस्वीकार गरिसकेका छन् र राष्ट्रपतिसँग वार्ता गर्न सकिन्छ भनिरहेका छन् । नेकपा–माओवादीलगायतका ३३ दलले निकालेको यही खिचलोको प्रमुख कारणले असारमा निर्वाचन हुन नसक्ने भयो, कात्तिक–मंसिरमा कसरी निर्वाचन सम्भव होला र ? भन्ने यक्ष प्रश्न खडा भइसकेको सन्दर्भमा सिङ्गो मन्त्रिपरिषदको प्रयत्नमा राष्ट्रपति कार्यालयमा राजनीतिक अन्तरक्रिया गर्न केको आपत्ति ? जब निर्वाचनका मार्गमा 'बारूदी धराप' बनेर ठँलो राजनीतिक शक्ति खडा छ भने त्यो धराप निस्कृय पार्नु खिलराज सरकारको पहिलो प्राथमिकता हुनुपर्छ । ५ हप्ताको समय खेर फालेर खिलराज रेग्मी 'दलहरूले वातावरण बनाए निर्वाचन हुन्छ' भन्दै मिच मारेर सत्तामा ढलीमली गर्छन् भने यस्ता व्यक्ति र बारीमा चरा धपाउन उभ्याइएको बुख्याँचामा के भिन्नता रह्यो र ? यसकारण पनि पुष्टि भएको छ, खिलराज रेग्मीको प्रशासक सरकार कुहिराको काग बनेको छ । कुहिराको कागको दशा र दिशाको कुनै भरोसा हुंदैन । खिलराजको यस्तो 'न हाँसको, न कुखुराको चाला'ले कसरी निर्वाचन, संविधानसभा, संविधानसहितको नयाँ नेपालमा पुगिन्छ ?

**खिलराज रेग्मीको प्रशासक सरकार कुहिराको काग बनेको छ । कुहिराको कागको दशा र दिशाको कुनै भरोसा हुँदैन । खिलराजको यस्तो 'न हाँसको, न कुखुराको चाला'ले कसरी निर्वाचन, संविधानसभा, संविधानसहितको नयाँ नेपालमा पुगिन्छ ?**

स्थिति नाजुक छ, परिस्थिति विषम छ । जनआन्दोलनपछिका ७ वर्ष खेर गइसकेका छन् । बिधि भाँडिएको छ । शासनमाथि कुशासनको राज छ । दैनिक कामधाम पनि अनियमित भइरहेका छन् । यस्तो अराजक, डरलाग्दो र असन्तुलित अवस्थालाई निर्वाचन र जनादेशप्राप्त सरकारले मात्र सन्तुलनमा ल्याउन भविष्य निर्धारकको भँमिका खेल्न सक्छ । त्यसकारण निर्वाचन गर्नुपरेको हो । निर्वाचन गराउने 'कर्मचारी सरकार'बाट जादँको छडी लिएर चमत्कार हुनेछ भन्ने विश्वास कसैले लिएका थिएनन्, छैनन् । तर, निर्वाचन सरकारले खेल्नुपर्ने स्वतन्त्र भँमिकामा खिलराज सरकार 'पहिलो गाँसमै ढुंगा' भनेभैं चुकिसकेको छ । सबैलाई भेट्ने, सबैसँग कुरा गर्ने र सबैलाई एकै थलोमा राखेर अन्तरक्रिया गराउँदा राजनीतिमा लागेका धेरै काईहरू माफिन सक्थे, आशंकाहरू दँर हुन्थे र निर्वाचनको अपरिहार्यता स्वीकार गर्दै चुनावी सरकारप्रतिको हेराइमै नरमपना आउनसक्थ्यो । त्यस्तो मौकामा गर्नैपर्ने काम पटक्कै खिलराज सरकारले गरेन, गर्ने चाहेन । यसकारण पनि खिलराज रेग्मी सरकार 'राजनीतिमा खिल' पल्टिन थालिसके । खिलराजको ख्याल ख्यालको खेलाँची खेल नै निर्वाचन हुन नदिने र हुन नसक्ने धमिलिदै गएको स्थितिले मुलुकमा ठँलै दुर्घटनाका खतराहरू अनुमान गर्न थालेका छन् । यही खतरा संकेत गर्दै बिमतिका आवाजहरू झन झन ठूलो श्वरले देशव्यापी घन्किन थालेका छन् ।

निर्वाचनको महत्व र महिमा, निर्वाचनका माध्यमबाट सबै सम्भावित बिरोधाभाष र सिन्डिकेट प्रथासमेतको अन्त्य हुनसक्छ । निर्वाचनका प्रति जनतामा जागरण ल्याउन सके जनप्रतिनिधिका रूपमा गलत पात्रहरू पराजीत हुनसक्छन् । जनजागरणको लहर ल्याउने राजनीतिक दलहरू र संचेतन बर्गले नै हो । हुन त, खुकुरीको चोट अचानोलाई थाहा भएजस्तै जनतालाई निर्वाचन, जनप्रतिनिधि र तिनले देखाएको गैह्रजिम्मेवारीप्रति प्रशस्त थाहा छ । तथापि निर्वाचनका बेलामा जनता झुक्किने र जनतालाई झुक्याउन सक्ने भ्रमजालहरूका कारण गलत व्यक्तिहरूले पनि चुनाव जित्ने गरेका छन् । नाना, खाना र छानाको अभावको संवेदनामा नेताहरू खेल्ने अवसर बढी प्राप्त हुनेगर्छ । यो रोग दक्षिण एसियाकै रोग हो । यसकारण पनि दक्षिण एसिया कम्युनिष्ट विचारका लागि उर्वरभँमि मानिन्छ । ट्रेड युनियनका नाममा रोजगारीका ढोकाहरूमा भोटेताल्चा ठोक्न उक्साएर आफ्नो खुट्टामा आफै बन्चरो हान्ने अनि बेराजगारका रूपमा पार्टीका झण्डा बोकेर क्रान्तिकारी नारा लगाउने र रोजगारी खोज्दै खाडी मुलुकको चरम शोषणको सिकार हुने प्रवृत्ति खासगरी नेपालमा काँडेझाडी भएर झाँङ्गिएको देखिन्छ । हामी यही गल्तीलाई लोकतान्त्रिक अधिकार, लोकतन्त्र भनिरहेका छौं र भोको पेटको खोक्रो नारा सहितको बन्द, हड्ताल, तालाबन्दी, मँर्दावाद र जिन्दावादलाई लोकतन्त्र ठानिरहेका छौं । अधिकारकर्मी, नागरिक समाज र पढेलेखेकाहरूसमेत पार्टीका झण्डा र निजी स्वार्थको बशमा परेर र रङ्गिएर लोकतन्त्रको गरिमा र महिमा, व्यापकता र सुन्दरता बुझाउने कर्तव्य पँरा गरिरहेका छैनन् । यही कमजोरीका कारण ०६३ साल वैशाख ११ गते जन्मिएको परिवर्तित लोकतन्त्रको ०६४ साल चैत २८ गतेको संविधानसभाको निर्वाचनबाट न्वारान भयो, लुट्नेले १४ खर्वभन्दा बढी लुटे र ०६९ साल जेठ १४ गते आधारातमा हत्या गरियो । संविधानसभाको यो हत्याकाण्डले हत्यारो सरकार, राजनीतिक पार्टीहरू, हत्याका साक्षी ६०१ सभासद्, तिनका पृष्ठपोषकहरूलाई कुनै फरक परेन । डाहा र पीडा भोगे मुलुक र मुलुकबासीले । स्वच्छ निर्वाचन र सही जनप्रतिनिधित्व नहुँदा निर्वाचनको परिणाम कति डरलाग्दो हुनेरहेछ भन्ने उदाहरण पनि हो यो । सम्झनामा यो कालखण्ड ऐँठनजस्तो लाग्छ । अब कहिल्यै पनि यस्तो हुनुहुन्न ।

यतिबेला सुशील कोइरालाले चार दलको सिन्डिकेट तोड्ने उद्घोष गरेका छन् । यद्यपि सुशील कोइरालालाई 'ढोडको तोक्मा' भनेर कांग्रेसभित्रैका कार्यकर्ताहरू उनको नेतृत्वलाई उल्क्याइरहेका छन् । सुशील कोइरालालाई भ्रष्ट भनेर कसैले भन्न नसके पनि उनको चर्चा नेताभन्दा पनि उपहास पात्रका रूपमा बढी भइरहेको छ । यद्यपि सुशील कोइरालाले भँमिगत गिरोहका रूपमा रहेको चारदलीय सिन्डिकेटलाई खारेज गरिदिए भने सुशीलको ढाडमा हाडमात्र देखिनेछैन, सिन्डिकेटको विरोध गरेर 'दिनमा चुनाव हुँदैन, निर्वाचन हुनै दिन्नौं' भन्ने नेकपा–माओवादी र फोरम अर्थात मोहन वैद्य र उपेन्द्र यादवमा रहेको स्वच्छ र स्वतन्त्र निर्वाचनप्रतिको अविश्वास विश्वासमा बदलिन सक्छ । यही विन्दूबाट निर्वाचनको सम्भावना, राजनीतिक संवाद र विश्वासको वातावरण बन्न थाल्नेछ । के प्रजातन्त्रको बिडा उठाएको भनेर धक्कु लगाउने नेपाली कांग्रेसको नेतृत्वमा रहेका सुशील कोइरालाले लोकतन्त्रका मूल्य र मान्यता स्थापित गर्न सिन्डिकेट तोड्ने साहस र साख प्रदर्शन गर्न सक्लान् ?

राजनीतिक फाँटमा जेजति पार्टीहरू उभिएका छन् र उभिने प्रयास गरिरहेका छन्, ती सबैले लोकतन्त्रलाई आत्मसात गरेरै आएका हुन् । कसैले पनि लोकतन्त्रका मान्यताविपरित जान्छु भन्न सक्दैन । तर, प्रचण्डको लहै लहैमा एमाओवादीको रणनीतिमा लागेर सिन्डिकेट खडा गर्ने जुन भँल भएको छ, त्यो भँल दिल्लीमा भएको १२ बुँदे सहमतिजस्तै हो । तत्कालका लागि कांग्रेस लाइमलाइटमा आयो होला, तर केही महिना, वर्षमै देखियो– त्यो सम्झौताले जंगलबाट सडकमा डोऱ्याएर ल्याएको माओवादीले कांग्रेसलाई पुच्छारमा पुऱ्याइदियो । यतिमात्र होइन, सुशील कोइरालाको नेतृत्वमा सरकार गठन गर्न तैयार भएको माओवादीले ऐन मौकामा राजनीतिक कमान नै स्वतन्त्र र स्वच्छ व्यक्तिको नाममा प्रधानन्यायाधीशको हातमा सुम्पिने षडयन्त्र गरिदियो । यसकारण पनि निर्वाचन कांग्रेसका लागि जीवन मरणको विषय बन्न पुगेको छ । यद्यपि निर्वाचन जित्ने स्पष्ट खाका र कांग्रेसप्रति चित्ताकर्षक जनआकर्षण कसरी निर्माण गर्ने राजमार्ग पहिल्याउन भर्खर सम्पन्न गरिएको परासीधामको महासमिति पनि सफल हुन सकेको देखिन्न । तथापि खिलराज सरकार पन्छिएको, एमाओवादी चुनाव नचाहिरहेको, मधेसी मोर्चा प्रष्ट नभइसकेको कारण पनि निर्वाचन भाँड्छु भन्ने बितृष्णावादीहरूलाई निर्वाचनका लागि सहमत गराउनै पर्ने गुरूतर दायित्व कांग्रेसको काँधमा आएको छ ।

विवादको मँल विषय सिन्डिकेटको खारेजी नै हो । थ्रेस होल्ड, जनगणनाअनुसारको निर्वाचन क्षेत्र, नागरिकता वितरण, मतदाता सँची, निर्वाचन कानुनको निर्माण ठँला समस्या रहेनन् । ठँला समस्यामा राज्य पुनःसंरचना र संघीयता पर्छन् । यी विषयमा निर्वाचित जनप्रतिनिधिले निर्णय गर्ने कुरामा सहमति खोज्ने हो । जनादेश कस्तो हुन्छ, जनमतले कुन मार्ग देखाउने हो, त्यही मार्ग लोकतान्त्रिक हुने हो । भोलि बन्ने संविधानमा अहिले नै सिन्डिकेट शैलीमा जनअधिकारमाथि अतिक्रमण गर्नु राजनीतिक अपराधकर्म हुनेछ । जनताले गर्ने निर्णय स्वतन्त्र हुनेछ र त्यही निर्णयको आधारभँमिमा उभिएर नयाँ संविधान लेखिनेछ भन्ने विषयमा सबै राजनीतिक दलहरू स्पष्ट हुनुपर्छ । यही स्पष्टता स्वच्छ र स्वतन्त्र निर्वाचनको पहिलो सफलता हुनेछ । यही सफलताभित्र नेपाली राष्ट्रियता, लोकतन्त्र र नेपाली एकता खलबलिदैन भन्ने ग्यारेन्टीसमेत अन्तरनिहित छ । साधन निर्वाचन हो, साध्य संविधान । साधन र साध्यका लागि सीप चाहिन्छ, अक्किल र हिम्मत पनि हुनुपर्छ । भोगेर चेतेको हो भने उल्टो घोडा चढे लडिन्छ भन्ने घटना दोहोऱ्याउनु हुन्न । यो समय राजनीतिक नेताहरूको प्रयोग र परीक्षणको अन्तिम परीक्षाको घडी हो भन्दा फरक पर्दैन ।

निष्कर्षमा भन्नुपर्दा, खिलराज सरकारबाट निर्वाचन सम्भव गराउनेतर्फ सक्रियता हुन्न भन्ने स्पष्ट भइसक्यो । खिलराज सरकार 'देख्नाका डाल, खानका काल' उखानजस्तो मात्र हो । खिलराज सरकार बन्यो, यो सरकार कहाँ छ भनेर दिउँसै लालटिन बालेर खोज्दा पनि भेटिन्न । किनभने सरकार छ भन्ने अनुभँति गराउने जिम्मेवारी पँरा गर्नेतिर यो सरकार अग्रसर नै छैन । संक्रमणकाल अन्त्य गर्न, राजनीतिक गत्यारोधका गाँठाहरू फुकाएर निकास दिन गठन भएको खिलराजको नेतृत्वको प्रशासक सरकार प्रशासनमा फाइल अड्किएजस्तै अड्किएको छ । यही हो खट्किएको विषय । कुहिराको काग बनेको खिलराज मार्ग हिडेर संविधानसभाको निर्वाचनमा पुगिन्न । ल्हासा जाने कुतीको बाटो हुनेछ । यसकारण पनि राजनीतिक पार्टीहरू र त्यसमा पनि नेपाली कांग्रेसले निर्वैचनको वातावरण निर्माण गर्न अग्रसरता नलिने हो भने मंसिरमा पनि चुनाव हुन्न । कांग्रेस चुनावको बिकल्प छैन भनेर समय गुजारीररहेको छ ।

# Shining India: How to Control Rapes & Killings

*Zaheerul Hassan*

On 9th March 2013 United States has honoured the Indian23 year's old psychotherapist who was brutally murdered after a gangrape in a bus in New Delhi in December 2012. The young student, who has become known simply as fNirbhayaf or ffearless,f was awarded the US International Women of Courage award posthumously. At this occasion US Sectery John Kerry told the participants of the ceremony that bravery of the lady student inspired millions of men and women to come together with a simple message 'No more,f. fWe never imagined that the girl we thought was our daughter would one day be the daughter of the entire world,f her parents wrote in a message to the ceremony that was read out by Kerry.

In fact, awarding nine women for their courageous actions is not the solution of curtailing crimes against women till the time organizations of human rights and supper power do not condemn and force Indian rulers to stop state terrorism and violence against women in Kashmiris, Maoists, Tamils and Nagaland.

On 31 December 2012, Annie Banerji also mentioned in Reuters' Rape Report that in this year on average every 20 minutes in India. Annie further added that just 26 percent of the cases resulted in convictions, according to the National Crime Records Bureau, which registered 24,206 rapes in 2011, up from 22,141 the previous year.

Ghaziabad police chief Nitin Tewari also confirmed hat on 7 March in the latest case of sexual violence has a 19-year-old woman was abducted by three men in an auto-rickshaw, robbed her cash, cell phone and gangraped in New Delhi's suburb of Ghaziabad. The woman said she yelled for help as auto drove through several police check points but no one helped. The suspects threw her out near a highway after assaulting her in a secluded area, police said.

Media have compared the incident to the fatal gang rape of a 23-year-old medical student in December t] "hat sparked massive street protests and demands for stricter laws against sexual assault, which has a high incidence rate in India.

According to the NDTV, report in the same week, three-year and 12 years old girls were l was kidnapped and raped in the southern state of Kerala and in a school in the central city of Nagpur. Notably, in most of the cases girls under 18 have been raped and assaulted sexually just in India capital in the last week of February 2013.

On 10 February 2013, New Indian express initiated a very alarming picture of Indian society. The report reveals that domestic, local intellectuals and writers, the Western media has almost declared India as a semi-barbaric society. And now the world is asking whether India is a nation of rapists and killers of women. Only facts, not words, can answer this question. The report further states, f What a certiFicate for a rising India that the National Intelligence Council of the US in its report released four days before the Delhi rape had predicted India to become one of the three world powers by 2030f

In fact, Indian society is probably devoid of senses of cultural society and Western Media has opined that rapes are something that only happens in India. In this connection, BBC reports is also very shocking in which statics shows that a woman is raped in Delhi every 14 hours, which equates to 625 a year, in England and Wales which has a population 3.5 times that of Delhi, the proportion is four time larger: 9,509 against Delhi's 625.

On 5 August 2012, Gitika Sharma 23 former air hostess has committed suicide by hanging herself at her residence in Ashok Vihar in North-West Delhi. According to the reports late Gitika Sharma has named Haryana minister Gopal Kanda in her suicide note. The police confirmed in their investigations that allegations leveled against the minister. According to the Gitika friend, she has been even asked to establish sexual relations by the minister. The girls' family too alleges that she was mentally and physically tortured by Mr Kanda.

It is mentionable here that very sexual harassment has become a very common phenomenon in India as compare to others Asian countries. 24% self staff of female gender has carried out suicide because of sexual abuses.

The Indian Army too has been rocked by series of corruption and discipline cases in recent years, with land, liquor, sex, and other scams involving General officers. Even females working in armed forces have been sexually assaulted. In this connection, numbers of cases have been registered by their seniors and colleagues.

Indian media reported that females along either side of Indo-Myanmar, Indo- Bangladesh and Indo-Nepal borders are also victims of forced rapes by frustrating Indian soldiers. It is high time that over 20 senior officers (Brig or above) faced charges of corruption, moral turpitude in past 4 years.

Maj Gen AK Lal, dismissed after proven guilty of sexually assault a junior woman officer. In Jul 09 Capt Poonam, ASC, has alleged 3 officers for mental sexual harassment. But unfortunately the same lady has been thrown out of army. Again on 03 Jun 10, Engr-in-Chief Lt Gen Nanda, was asked by Indian Army chief to quit on molesting the wiFe of his Tech Sectary but Gen has been made clear through local type inquiry .

Analysis of above mentioned cases reveals that so called pro-westerns minded scholars and pundits of bollywood are promoting violence through screen, print and electronic media. Poor people and young generation get impressed from the violent actions and adopt shortcuts for improving the liFe style and ill satisfactions. Robberies, fraud, sexual harassment against female employees and raping young girls have become the common features of degrading Indian society.

Increasing crime ratio can be controlled iF Indian government is willing to pay heed to the actual problems of the society rather than posing glorious picture of Indian masked society. There is a need to take ruthless actions against corrupt mafia of armed forces, intelligence agencies and political elite. Global associations of human rights should condemned ruthless brutality against women and should launch an organize campaigns for protection of women rights in Kashmir, Tamils, Maoists' territory,

## सर्वदलीय संयन्त्र...

समर्थन पाउन नसक्ने भएको हुनाले कर्मचारीहरूका पीरमार्का बुझेर उनीहरूलाई काम गर्ने वातावरण मिलाईदिनु सरकारको कर्तव्य हो । पछिल्लो समयमा महँगीले आकाश छोएको छ । उपत्यकामा झण्डै १५ देखि ३५ प्रतिशतसम्म मूल्यवृद्धि भएको हुनाले अहिलेको अवस्थामा कर्मचारीले पाउने तलबभत्ताले उनीहरू बाँच्न नसक्ने अवस्था भएको हुनाले मूल्यवृद्धिको आधारमा राष्ट्र सेवकहरूको तबलभत्ता समय सापेक्ष वृद्धि गरिनु आवश्यक छ । राष्ट्र सेवकहरूले सेवाग्राहीको कार्य राम्ररी गर्न सक्ने वातावरण सिर्जना गर्ने कार्य पनि सरकारकै हो । भोको पेटले कसैले काम गर्न सक्दैनन् भन्ने विश्वव्यापी सिद्धान्तलाई सरकारले मनन गर्नै पर्छ । गरिब नेपाली जनताले तिरेको करमाथि ब्रम्हलुट मच्चाउने अधिकार कसैलाई छैन । विगतका सरकारले ऐन, नियम मिचेर पार्टीगत स्वार्थका लागि भर्ना, नियुक्ती, सरूवा, बढुवा गरेका सबै कार्यहरू अबिलम्ब बदर गरिनु आवश्यक छ । योग्यता नै नपुगेका व्यक्तिहरूलाई पार्टीगत स्वार्थ पुरा गर्नैका लागि नियुक्ती दिएका थुप्रै उदाहरणहरू सरकार सामु रहेका भएपनि आजसम्म त्यस्ता नियुक्ती सरूवा बढुवाहरू बदर नगर्नु रेग्मी सरकारको कमजोरी नै हो ।

निर्वाचनको वातवारण मिलाउने पहिलो दायित्व र कर्तव्य दलहरूकै हो । त्यसमा पनि अहिले चार दलले चार दलीय सिन्डिकेट खडा गरेर अन्य दल माथि निषेधको अवस्था सिर्जना गरेका छन् । हत्या गरिएको संविधानसभामा उपस्थित भएका ३३ वटै दलहरूको सहयोग र समर्थन विना मंसिरभित्रमा पनि निर्वाचन हुन सक्ने अवस्था नभएको हुनाले निर्वाचनको वातावरण सिर्जना गर्नका लागि चार दलीय सिन्डिकेट भङ्ग गर्न स्वयम् मन्त्रिपरिषद्का अध्यक्ष रेग्मी नै सक्रिय हुनु आवश्यक छ । सरकार गठन गर्न चार दल सहमत भएर रेग्मीको नेतृत्वमा सरकार गठन भएपश्चात नेकपा–माओवादीसहित अन्य दलहरू सडक संघर्षमा गएका हुनाले उनीहरूका जायज माग पुरा गरी उनीहरूलाई निर्वाचनमा सहभागी गराउनु चार दल र सरकारको दायित्वभित्रै पर्दछ । आवश्यक परेको खण्डमा नेकपा–माओवादी, मधेशी जनअधिकार फोरम नेपाल, संघीय समाजवादी पार्टीलगायतका अन्य केही पार्टीका तर्फबाट पनि मन्त्रिपरिषदमा अन्य केही व्यक्तिहरू थप गरेरै भएपनि निर्वाचनको सुनिश्चितता गराउनु आवश्यक देखिन्छ । संविधानसभाको निर्वाचन संसदको निर्वाचन जस्तो नभएको हुनाले राजनीतिक मान्यता पाएका सबै दलहरूले निर्वाचनमा भाग लिनै पर्दछ । कुनै पनि पार्टीले हामी ठूलो पार्टी र अरू साना पार्टी हौँ भन्ने दम्भ देखाउनु भनेको निर्वाचन भाँड्ने षड्यन्त्र बाहेक अन्य केही हुन सक्दैन । संविधानभसाको हत्या भएको अवस्थामा सबै पार्टीको हैसियत बराबरी भएको र जनताले मात्र चुनावको माध्यमद्वारा पार्टीको हैसियत निर्धारण गरिदिने भएको हुनाले सबै पार्टीहरूले निर्वाचनमा जानु नै उचित हुनेछ ।

मुलुकको अहिलेको पहिलो आवश्यकता भनेको निर्वाचन नै हो, तर अवाश्यकता हो भनेर मुलुकलाई नै विभाजित गर्ने खालको निर्वाचन आवश्यक छैन । ठूला दल हौं भनेर घमण्डका कारण नेकपा–माओवादी लगायतका, मधेसी जनअधिकार फोरम, संघीय समाजवादी पार्टीलगायतका केही जातिवादी पार्टीहरूले निर्वाचनमा भाग लिएनन् र उनीहरू बन्दूको राजनीतिमा गएको खण्डमा त्यसको सम्पूर्ण दोष यिनै चारदल एकीकृत नेकपा मओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र केही मधेशवादी दलहरूको मधेशी मोर्चाले नै लिनु पर्ने भएको हुनाले सडक संघर्षमा गएका दलहरूलाई वार्ताको माध्यमद्वारा समस्याको समाधान गरी निर्वाचनमा भाग लिने वातावरण मिलाउन राष्ट्रपतिले समेत सक्रियता देखाउनु पर्ने आवश्यकता भएको छ । चार दलको मात्र सहभागितामा सरकार गठन गर्ने प्रक्रिया गलत थियो भन्ने स्वीकार राष्ट्रपतिले गरेको खण्डमा समस्याको समाधान सजिलै हुन सक्ने अवस्था देखिएको छ ।

*devendrachudal@gmail.com*

# चुनावमा मधेसवादको जित हुन्छ

*उपेन्द्र झा*

देशमा स्थापित रहेकोसंविधान सभाले संघीयता सहितको नयाँ नेपाल बनाउन, पाएको जनादेश विपरित थालिएको दलीय स्वार्थका तिकडमी राजनीतिले संविधान सभालाई निष्कर्ष विहीन बनाएर अन्त मात्र गरेन अपितु अन्तरीम संविधानमा उल्लेखित सहमतिको आधारलाई समेत धाराशायी बनायो । फलतः राजनीतिक गतिरोधको गाँठो कस्सिदै गयो । पारस्परिक अविश्वासका कारण दलहरु जनादेशको दायित्वलाई बिर्सेर विपरित दिशातिर राजनीतिलाई डोऱ्याउन थाले । राष्ट्रिय राजनीतिले एमाओवादी, नेपाली काँग्रेस र एमालेलाई त्रिशक्तिको रूपमा उभ्याए पछि आफूलाई सर्वशक्तिमान् बुभ्रि दिग्भ्रमित भएका यी तीन दलहरूले सत्तास्वार्थलाई प्राथमिकतामा राखेर गलत निर्णय गर्दै गतिरोधलाई सशक्त पार्दै गए । महाभारतमा शकुनीले तयार पारेको चक्रव्यूह जस्तै तीन दलीय स्वार्थले तयार पारेको राजनीतिक चक्रव्यूहमा देशलाई मात्र फँसाएन, आफू पनि फँसेर अस्तित्वहीन बन्न पुगेका छन् । चक्रव्यूहको एउटा ढोका खुले पनि सामुन्ने आन्दोलनको त्रासले संविधान सभा चुनावको वातावरण अनुकूल भई रहेको छैन ।

मधेशको राजनीतिः- संविधान सभा चुनावको घोषणा भए पश्चात् मधेशका नेता कहलिएका दिग्गज राजनीतिज्ञहरु चुनावी रणनीति तयार पार्न र सोही बमोजिम आफना कार्यकर्त्तालाई निर्देशन दिन व्यस्त रहेका छन् । चुनावी माहौल तथा जनतालाई आकर्षित गर्न विभिन्न कार्यक्रम लिएर दलहरु गाउँ पस्न थालेको छ । मधेशका लागि वैकल्पिक धरातल तयार नभएसम्म मधेश चुनावी आकर्षणबाट नै प्रभावित भई रहन्छ । विगतमा टूटफूटको राजनीतिले कमजोर बनेको मधेशलाई सशक्त नेतृत्व गर्न "मधेशपुत्र"को रूपमा प्रचण्ड प्रगट भएका छन् । प्रचण्ड रथका सारथी बनेका कतिपय मधेशका नेताहरु आफनो अस्तित्व बचाउन जे गर्न तयार छन् । पूर्व, पश्चिम, उत्तरमा पार्टीको वर्चस्व कायम गरेको प्रचण्ड मधेशलाई आफनो प्रभावमा लिन अगाडि बढेको छ । मधेशलाई नेतृत्व गर्न असक्षम बनेका मधेशका राजनीतिक दलहरूको मधेशमा प्रभाव घटेको अनुमान गरि प्रचण्ड दृढतापूर्वक मधेशलाई कब्जा गर्न अगाडि बढेको सहजै अनुमान गर्न सकिन्छ ।

विगतको संविधान सभामा मधेशमा आशातीत उपलब्धि पाउन नसकेकोले पनि मधेश प्रचण्डको रणनीतिमा प्राथमिकता पाएको बिषय हो । मधेशको अविश्वास, वितृष्णा र आक्रोशलाई कैश गरि आफनो प्रभावमा लिन बनाईएको रणनीति र कार्यनीतिबाट मधेशलाई खासै फायदा भने छैन । मधेशमा गैर मधेशी राजनीतिक पार्टीहरु राजनीतिक प्रभाव जमाउन रणनीति तहत उत्रेका छन् भने मधेशका दलहरु निरूद्देश्य, बिना रणनीति मधेश मुद्दाको राग अलाप्दै मधेशलाई फकाउने सूरमा देखिएका छन् । जसरी पनि चुनाव जितेर सत्तासंग टासिन जाने महत्वाकाँक्षाबाहेक मधेशको अधिकार आन्दोलनलाई सशक्त पारि अगाडि बढ्ने कसैको पनि उद्देश्य छैन । मधेश मुद्दाको नाममा चरम अवसर प्राप्त गर्ने उद्देश्य बोकेका अवसरवादी नेताहरूको बाहुल्य छ । पार्टी नजिते पनि आफू कसरी जित्ने संकीर्ण मानसिकताभन्दा मधेशलाई अधिकारको बाटोमा कसरी सशक्त रूपमा अगाडि बढाउने भन्ने सैद्धान्तिक संकल्प छैन । मधेशका राजनीतिक दलहरूको विगतको अनैतिक क्रियाकलापबाट निराश बनेको मधेश प्रतिक्रियात्मक अवस्थामा रहेको कारणले अपेक्षित उपलब्धि हासिल हुन सक्दैन । यदि संविधान सभाको चुनाव भयो नै भन्ने अवस्थामा तीन दलीय वर्चस्व कायम रहने निश्चित छ । मधेशको लागि संविधान सभाको चुनाव "कागको लागि बेल पाक्यो, न हर्ष न विस्मय" जस्तै हुने भयो । संविधान सभामा वर्चस्व कायम गर्ने दलहरूले विगत भैं संघीयता विरोधी क्रियाकलाप न दोहोऱ्याउला, भन्न सकिन्न । कमजोर तथा टुक्रिएको मधेश, रक्षात्मक पंक्तिको रित्तता, चरम अवसरवादको स्थितिमा संविधान सभाको चुनाव नै भयो भने मधेशको हकमा कुनै उपलब्धि नपर्ने निश्चित छ । मधेश हरेक दृष्टिकोणबाट उर्वर भूमि रहेकोले सबै राजनीतिक दलहरूको निशाना बनेको छ । सबैले आफनै किसिमको रणनीति यहाँ प्रयोगमा ल्याएको छ । हुनत संविधान सभाको चुनाव शो केसको मिठाई जस्तै भएको छ । हेर्न त पाइन्छ, खान भने पाइँदैन ।

मधेश चरम व्यक्तिवादी अवसरवादको दलदलमा भास्सिदै गई रहेको छ । मधेशमा उग्र वैचारिक नारा तथा "अब केही नहुने" भन्ने निराशाजनक अभिव्यक्ति दुबै विचार अवसरवादका पृष्ठपोषक हुन् । यस्तै दुष्प्रवृतिले मधेशलाई अधिकार आन्दोलनबाट पर धकेल्दै गई रहेको छ । यस्ता दुष्प्रवृतिलाई निरूत्साहित गर्दै मधेशलाई फेरि अधिकार आन्दोलनको दिशामा अग्रसर गराउन समग्र मधेशमा एउटा रक्षापंक्ति निर्माण गर्न आजको अपरिहार्य बिषय बनेको छ । संविधान सभाको चुनाव भए पनि नभए पनि अधिकार आन्दोलनको लागि निर्मित यो सशक्त संगठनात्मक बलले नै मधेशलाई अधिकार दिलाउने एकमात्र बाटो हुनेछ । सशक्त राजनीतिक श्रृंखला चुँडिएपनि मधेशवादी सेन्टीमेन्ट जीवित रहेकोले यसले नै संगठनात्मक स्वरूपलाई जन्म दिन्छ र सशक्त पनि बनाउँछ । यस यथार्थलाई स्वीकार गर्ने इमान्दार, कर्मठ, त्यागी तथा मधेशको अधिकारप्रति समर्पित व्यक्तित्वले नै यो कार्यदिशालाईः अगाडि बढाउन सक्दछ । अधिकार जन सरोकारको बिषय हो । जन सरोकारमा समर्पित व्यक्तित्व नै यसका मुख्य अभियन्ता हुन सक्दछ । नैराश्यताको माहौलमा अधिकारका कुरा दबिएर रहे तापनि एकदिन घनीभूत रूपमा देखा पर्ने निश्चित छ ।

राज्यको परम्परागत रूपमा मधेशप्रतिको बक्र दृष्टिकोण र त्यस बमोजिमको षडयन्त्रका प्रकारहरु निरन्तर रूपमा चलि रहँदा नै मधेश शोषण र दोहनबाट मुक्त हुन सकेको छैन । विगतको संविधान सभामा उठेको संघीयताको आवाजलाई न्यून गर्ने यही षडयन्त्रका श्रृंखला हुन जो अद्यावधि कायम छ । षडयन्त्रका सूक्ष्म भेदहरूलाई गहनतापूर्वक अध्ययन हुन जरूरी छ । अर्को संविधान सभाको चुनाव गराउने भनिएको सरकारको प्रयास पनि अधिकारवादी आन्दोलनलाई भुक्याउने खेल मात्र हो । मधेशलाई संगठनात्मक रूपमा कमजोर पारि गरिने संविधान सभाको चुनाव मधेशलाई अधिकारबाट पन्छाउने कुरा मात्र हो । संविधान सभामा आफनो वर्चस्व कायम गरि मनोमानी ढंगले मधेशको परिभाषा गर्ने यस षडयन्त्रको लक्ष्य हो, मधेशले यही कुरा बुझ्नु पर्दछ ।

मधेश आन्दोलनले आफनो अधिकारका लागि आफनै धरातलबाट आवाज उठाए अधिकार प्राप्त हुने कुरा प्रयोग गरेर सिकाएको हो । सबै नेताहरु पार्टी छोडेर आफनो धरातलमा आए पनि । यही राज्यको भयको कारण बन्यो । राज्य मधेशलाई आफनै धरातलमा एकीकृत रूपमा संगठित हेर्न चाहँदैन । त्यसैले मधेशलाई सबै पार्टीभित्र समाहित गरेर टुक्रिएको अवस्थामा राखेको थियो । मधेश राज्यको यो सूक्ष्म भेदलाई जानेर विद्रोहको माध्यमबाट आफनो धरातल बनायो । भयाक्रान्त राज्यले मधेशको यो एकताबद्ध प्रयासलाई विफल तुल्याउन भर मग्दुर प्रयास गऱ्यो र सफल पनि भयो । विभिन्न पार्टीभित्र रहेका मानसिक शोषणमा परेका मधेशी नेताहरूले मधेशले कठीन परिश्रमको बावजूद तयार पारेको मधेशवादको साँगठनिक धरातलको औचित्य बुझ्न सकेन र राज्यको प्रलोभनमा आफनै घर उजाड्न उर्जा खर्च गरे । आज घरबारविहीन भएका मधेशी नेताहरु ओत लाग्न धौ धौ परेको एउटा अलग बिषय हो । आफनो घर नहुँदा अर्काको घरमा पाहुना बस्न जाने वा अर्काकै भरमा हिंड्ने बाध्यता छँदै छ ।

केही कारणवश अधिकार आन्दोलनमा गतिहीनता आएपनि राज्यको दोहन र शोषण विरूद्ध मधेश गन्तव्याभिमुख रहन्छ नै । आँधी तूफानले घर भत्काए पनि मधेश फेरि सक्रिय भई अधिकार आन्दोलनको दिशामा अगाडि बढ्छ नै । यो उसको बाध्यता हो ।

*(मधेश दर्पण फिचर सेवा )*

## देशभर एकता सन्देश सभा हुने

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टीले देशभर एकता सन्देश सभाको आयोजना गर्ने भएको छ । आज पत्रकार सम्मेलन गरी नेपाली जनतामा एकताको भावना जगाउने उद्देश्यले एकता सन्देश सभाको आयोजना गर्न लागिएको जानकारी दिएको छ । एकता सन्देश अर्न्तगत बैशाख १८ गते अन्तराष्ट्रिय मई दिवसको अवसर पारेर काठमाडौंमा जन वर्गिय संगठनको एकताको घोषणा र पार्टी एकताको सन्देश सभा गर्ने, बैशाख २८ गते गाईघाट उदयपुरमा एकता सन्देश सभा गर्ने, ३० गते बिराटनगरमा, जेष्ठ १८ गते बुटवलमा र जेठ २० गते धनगढीमा एकता सन्देश सभाको आयोजना गर्न गैरहेको पत्रकार सम्मेलन गरी जानकारी गराईएको हो ।

पत्रकार सम्मेलनमा बोल्दै पार्टी अध्यक्ष ऋषी कट्टेलले जनताको निरासालाई उत्साहमा बदल्न आफुहरूले ठाउ-ठाउमा एकता सन्देश गर्न लागेको बताउनुभयो । ४ दल असफल भैसकेको र बैकल्पिक शक्ति निमार्ण आवस्यक भएको अवस्थामा त्यो राजनीतिक शक्ति अब आफ्नो पार्टी भएको उहाँको भनाई छ ।

पत्रकार सम्मेलनमा बोल्दै पार्टी अध्यक्ष कट्टेलले बर्तमान अवस्थामा संविधान सभाको चुनाव हुनै नसक्ने बताउनुभएको छ ।

देशमा विदेशी हस्तक्षेप बढ्दै गएको भन्दै नेपाल कम्युनिष्ट पार्टीले सबैको ध्यान आर्कषण गराएको छ । कसैको हस्तक्षेप विना आफ्नो सरकार आफै छान्न पाउनुपर्ने पार्टीको माग छ । आफुहरू वैधानीक निर्वाचनको पक्षमा रहेको समेत पत्रकार सम्मेलन मार्फत उनीहरूले जानकारी गराउकाछन् ।

५ वटा राजनीतिक दल र एउटा विचार समुह मिलेर ६ दलको नेपाल कम्युनिष्ट पार्टी गठन भएको छ ।

## सामसुङ एयर कन्डिसनर बजारमा

काठमाडौं/ नेपालका लागि सामसुङ इलेक्ट्रोनिक्सको अधिकृत बिक्रेता हिम इलेक्ट्रोनिक्स् प्रालिले सामसुङ एयर कन्डिसनर नेपाली बजारमा बिक्री सुरू गरेको छ ।

नयाँ रेन्जमा अत्याधुनिक प्रविधि र विशेषता रहेको कम्पनीले जनाएको छ । एयर कन्डिसनरमा पूर्ण एचडी फिल्टर प्रविधि जडान गरिएकाले कोठाको वातावरण स्वच्छ र ताजा बनाउने दाबी कम्पनीको छ । एयर कन्डिसनरको चलाइले तापक्रमलाई अधीनमा राख्छ भने अटो क्लिन प्रविधिले एसी बन्द भए पनि स्वचालित रूपमा पंखा चलिरहन्छ । कम्पनीका अनुसार एयर कन्डिसनरले अरूभन्दा ३६ प्रतिशत विद्युत् कम खपत गर्छ ।


**नयाँ वर्ष २०७० को शुभ-उपलक्षयमा समस्त नेपालीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दै आफ्नो ५८ औं वार्षिकोत्सव को सुखद् अवसरमा राष्ट्रले परिलक्षित गरेको समन्यायिक आर्थिक विकासका लागि सर्वसुलभ वित्तीय सेवाको विस्तार तथा उच्च आर्थिक वृद्धिका लागि समष्टिगत आर्थिक स्थायित्व कायम गर्न मौद्रिक नीतिको कुशल उपयोग गर्दै वित्तीय स्थायित्व मार्फत् मुलुकको दिगो विकासमा समर्पित रहने प्रण गर्दछौं ।**

**नेपाल राष्ट्र बैंक**

परिवार

# शिक्षाका लागि रोयको मोटरसाइकल अभियान

*जोफिन इब्राहिम*

करांची । हार्ले डेभिड्सन मोटरसाइकलमा चढेर लोकप्रिय पाकिस्तानी गायक शहजाद रोय एउटा अभियानमा निस्केका छन्ः पाकिस्तानको शिक्षा प्रणालीका राम्रा, खराब र कुरूप पक्षका बारेमा १७ करोड ६० लाख जनतालाई बताउने ।

हिमाली भूभाग, बालुवाले भरिएको मरूभूमि र हराभरा हरिया उपत्यका र समथर मैदानका साना गाउँबस्तीमा घुम्ने रोयले निजी टेलिभिजन च्यानल "जियो" बाट शनिबार र आइतबार राति प्रसारण हुने "चल पारह" नामको लोकप्रिय टेलिभिजन कार्यक्रममा तिनै गाउँबस्तीका कथा प्रस्तुत गर्दछन् ।

शिक्षा र साक्षरताका सम्बन्धमा जनचेतना फैलाउने प्रयत्नस्वरूप जियो टिभीद्वारा प्रबर्द्धित यो कार्यक्रम २३ भागको छ जसले कामै नलाग्ने राष्ट्रिय शिक्षा पाठ्यक्रम र प्राचीन पाठ्यपुस्तकदेखि खानेपानी, शौचालय र विद्युत्‌को अभावबाट ग्रस्त विद्यालयहरूको कथा चित्रण गरेको छ । निकै रमाइलो तरिकाबाट प्रस्तुत हुने रोयले हरेक भागमा सरकारलाई गृहकार्य दिन्छन् अर्थात् यसमा शिक्षा प्रणालीलाई सुधार गर्न नीतिगत सुझावहरु रहेका हुन्छन् ।

यो कार्यक्रममा देखाउन लायक दृश्यहरूको कुनै कमी छैनः रोयले शिक्षक नै नरहेका राम्राराम्रा सुन्दर विद्यालय भवनदेखि एकजना शिक्षकले तीनकोठे स्कुलमा धेरै विद्यार्थीलाई कोचकाच पारेर पढाइरहेको यसअघि नै देखाइसकेका छन् ।

केही अङ्कमा त उनले सन् २००५ को भूकम्पमा विद्यालय भवन क्षतिग्रस्त भएपछि टेन्टमुनि पढ्न बाध्य विद्यार्थीहरूलाई देखाएका छन् । स्कुल पुनर्निर्माण गर्न सरकारले उपलब्ध गराएको रकमको दुरूपयोग भएको छ, सरकारी अधिकारीहरूको दाबी छ । ग्रामीण क्षेत्रका विद्यार्थीलाई रूखमुनि बसेर पढ्नु पर्दछ भन्ने कुरा राम्रैसँग थाहा छ । स्कुलका धेरै कक्षाकोठामा स्थानीयवासीले गाईबस्तु बाँध्न र घाँसपात राख्न प्रयोग गरिरहेका छन् । ठूलै सहरमा पनि परिस्थिति त्यति राम्रो कहाँ छ र । यहाँ बालबच्चाहरु फोहोरको ढल तर्दै वा स्कुल जाँदा गन्हाउने फोहोरबाट बच्न नाक थुन्दै स्कुल जानु पर्दछ । यी विद्यार्थीहरु बिजुली वा भेन्टिलेसनको अभाव रहेका कक्षाकोठामा कोच्चिएर बस्न विवश छन् ।

रोयले चलाएको यो कार्यक्रमले तत्काले निकै लोकप्रियता कमाएको छ । "कार्यक्रममा देखाइने चित्र शब्दमा वयान गरेको भन्दा निकै बढी प्रभावशाली हुने गर्दछ," इस्लामावादस्थित शिक्षा र जनचेतनासम्बन्धी गैसस ईदार-ए-तलीम-ओ- अगेहीका प्रमुख बाइला राजा जमिलले आईपीएसलाई बताइन् । "मैले मेरो गैससका सबैलाई यो कार्यक्रम अनिवार्यरूपमा हेर्न आग्रह गरेकी छु," उनले थपिन् ।

अप्रिल २०१० मा १६ वर्षसम्मका सबैका निम्ति शिक्षालाई आधारभूत अधिकारका रूपमा ग्रहण गरिएको थियो, र पाकिस्तानको संविधानको धारा २५क मा यो कुरा समावेश पनि गरिएको छ । तैपनि, रोयका अनुसार पाँचदेखि नौ वर्ष बीचका स्कुल नजाने बालबालिका र केही वर्ष स्कुल गएर बीचमै पढाइ छाड्ने बालबालिकाको संख्या पाकिस्तानमा झण्डै ७० लाख छ ।

केहीको विश्वासमा यो समस्याको मुख्य जरो पाकिस्तान राष्ट्रको निर्माणसँगै गाँसिएको छ । कराँचीस्थित सामाजिक शास्त्र विज्ञान अनुसन्धान केन्द्रका वरिष्ठ अनुसन्धाता हरिस गज्दारका अनुसार "पाकिस्तानी राष्ट्रवादमा रहेको प्रभुत्वशाली पक्ष विभाजनकारी छ र उनीहरूमा राष्ट्र निर्माणका लागि सक्षम सांस्कृतिक मोडेल छैन ।"

उनको विश्वासमा विश्वका सबैजसो देशमा राष्ट्रवादी उच्च वर्गले राष्ट्र निर्माणको साधनको रूपमा शिक्षालाई लिने गरे पनि पाकिस्तानको विभाजनकारी उच्च वर्गलाई यसको खासै महत्व छैन । धेरै परिवारले बालबच्चाको शिक्षामा आफ्नो क्षमता, रूचि र ज्ञानले भ्याएसम्म लगानी गरिरहेका भए पनि विश्वको कुनै पनि स्थानमा निजी मागका आधारमा मात्र विश्वव्यापी शिक्षा हासिल भइरहेको हुन्न, उनले आईपीएसलाई बताए ।

उनी भन्छन्, "पाकिस्तानमा शिक्षाका निम्ति सामूहिक माग नै छैन किनभने राष्ट्र निर्माणका निम्ति सांस्कृतिक मोडेलमै सामूहिक सम्झौता आजपर्यन्त कायम हुन सकेको छैन ।"

जमिलको पनि स्वीकारोक्ती छ कि पाकिस्तानमा गुणस्तरीय प्रारम्भिक बालशिक्षा १० प्रतिशतभन्दा कम बालबालिकालाई मात्र उपलब्ध रहेको छ । पाकिस्तानको वार्षिक शैक्षिक प्रतिवेदन (एइएसआर) मा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेकी उनी बालशिक्षाका निराशाजनक आङ्कडाप्रति निकै चिन्तित छिन्ः "सरकारबाट सञ्चालित ७० प्रतिशतभन्दा बढी प्राथमिक स्कुलका पाँच कक्षासम्मका लागि एक वा दुईवटा मात्र कक्षा कोठा छन् । ४० प्रतिशतभन्दा बढी स्कुलमा शौचालयको सुविधा छैन, ६६ प्रतिशत स्कुलमा विद्युत् सुविधा छैन र ३७ प्रतिशत स्कुलमा बालबालिकाका लागि खानेपानी सुविधा उपलब्ध छैन ।"

"पाकिस्तानमा पूर्व प्राथमिक कक्षाहरूमा शिक्षक वा सिकाइ सामग्री उपलब्ध मुस्किलले उपलब्ध छ, जबकी यी सुविधा उपलब्ध हुनुपर्ने प्रावधान राष्ट्रिय शैक्षिक पाठ्यक्रममा समावेश गरिएको छ," उनी भन्छिन् ।

प्राथमिक शिक्षामा कम उमेर र बढी उमेरका बालबालिका समेतको कूल भर्नादर ८६ प्रतिशत रहेको छ, जसमध्ये ३३ प्रतिशतले विद्यालय छाड्ने गरेका छन् । यहीबीच, प्राथमिक तहको शिक्षा पूरा गर्ने १८ प्रतिशत मात्र माध्यमिक स्तरको शिक्षाका निम्ति योग्य हुने गरेका छन् । कक्षा १० मा पुग्नेमध्ये ३० प्रतिशतले मात्र माध्यमिक तह पार गर्न सक्छन् र तीन प्रतिशत मात्र माथिल्लो तहको शिक्षामा आबद्ध हुन्छन् ।यो अवस्थाले राष्ट्रिय साक्षरता दरलाई ५८ प्रतिशतमा सीमित पारेको छ र यो सहस्राब्दी विकास लक्ष्य (८८ प्रतिशत) को तुलनामा निकै कम हो ।

दुईसयभन्दा बढी स्कुलमा स्कुले बालबालिकासँगको अन्तर्वार्ता र बाबुआमा, शिक्षक, सरकारी अधिकारीहरु, धर्मगुरू तथा मनोवैज्ञानिकसँगको छलफलले यो कार्यक्रमलाई निकै रोचक तथा पीडादायी दुवै बनाएको छ, रोय भन्छन् ।भौतिकशास्त्री एवं शान्तिकर्मी प्रोफेसर ए.एच. नायरजस्ता अन्य गन्यमान्य व्यक्तिले यो कार्यक्रमलाई निकै महत्व दिएका छन् । उनीहरूको विचारमा यसले सहस्राब्दी विकास लक्ष्यका उद्देश्यहरु हासिल गर्न सरकारी कार्य वा उपयुक्त किसिमबाट स्रोतसाधनको विनियोजन गर्न सरकारमाथि दबाब दिने विश्वास व्यक्त गर्दछन् ।

"सन् २००८/०९ को राष्ट्रिय शिक्षा नीतिले शिक्षामा बढी नै रकम विनियोजन गर्ने प्रतिज्ञा गरेको छ, तर त्यो प्रतिज्ञा अनुरूप कहिल्यै काम गरिएन," उनले आईपीएसलाई बताए । सरकारी आङ्कडा अनुसार, पाकिस्तानले शिक्षामा कूल राष्ट्रिय जिडीपीको दुई प्रतिशत मात्र खर्च गर्दछ । यो यात्रामयी टिभी कार्यक्रमले स्कुले शिक्षाबाट युवायुवती वन्चित हुने अन्य कारणहरूका झलक पनि प्रस्तुत गरेको छ, जस्तै गरिबी, बालश्रम र चाँडो विवाह । बालबालिकालाई स्कुलमा दिइने शारीरिक सजाय पनि अर्को बलियो कारण हो । रोयले हालै मात्र आठ वर्षकी बालिका मलाइकाको कथा देखाएका छन् । शिक्षकले उनको आँखामा कलमले घोचेका कारण आँखाको ज्योति नै गुम्ने खतरा उत्पन्न गराएको थियो । मलाइकाले पढाइमा पटक्कै ध्यान नदिएको शिक्षकको दाबी थियो ।

त्यो अङ्कले पाकिस्तानको फौजदारी कानुनको खण्ड ९९ लाई खारेज गर्ने प्रस्तावलाई तीनवटा प्रान्तीय संसद्ले अनुमोदन गर्न प्रोत्साहित गरेको थियो । यो खण्डले अभिभावकले असल मनसाय राखेर बालबालिकामाथि सजाय दिन सक्ने उल्लेख गरेको थियो ।

यसबाहेक, कार्यक्रमको प्रस्तुतिपश्चात शारीरिक सजायसम्बन्धी नेसनल एसेम्ब्लीमा वर्षौंदेखि थन्किएको एउटा अध्यादेशमाथि ताजा बहस सुरू भएको छ । सन् २०१० मा सांसद् अत्तीया इनायातुल्लाहले संसद्‌मा दर्ता गरेको यो विधेयकलाई मार्च १३ मा सर्वसम्मतरूपमा पारित गरिएको छ, उनले बताइन् । उनकै भनाइमा यो विधेयक पारित हुनु ऐतिहासिक कार्य हो ।

यो विधेयकले औपचारिकरूपमा कानुनको रुप लिएपछि बालबालिकामाथि दुर्व्यवहार गर्ने व्यक्तिमाथि एक वर्षसम्मको जेल सजाय, ५०० डलर जरिवाना वा दुवै हुन सक्नेछ । अर्को अङ्कले एउटी दुवै हात नभएकी युवतीको दर्दनाक कथा प्रस्तुत गरेको छ । खुट्टाको मद्दतले लेखपढ गर्न सक्ने यी किशोरीलाई गरिबीके कारण स्कुलबाट निकालिनु परेको थियो । यो कार्यक्रम प्रस्तुत गरिएको केही दिनभित्रै नेसनल एसेम्ब्लीकी सभामुख फहमिदा मिर्जाले ती किशोरीको शिक्षाका निम्ति ५,००० डलरको चेक पठाइदिइन् ।

*(आई.पी.एस./एन्.पी.आई.)*

# चीनको व्यवहार उच्चकोटीको देखियो

**पुष्कलराज पन्त**

प्रचण्ड चीन पुगे, चीनमा नयाँ नेतृत्व स्थापित हुनासाथ प्रचण्डलाई निम्त्याइनुले चीनले नेपाललाई कतिसम्म महत्व दिएको रहेछ, स्पष्ट हुनपुगेको छ । प्रचण्ड सत्तामा छैनन् तर चीनले प्रचण्डलाई ठूलै सम्मान दिएको छ । यो सम्मान नेपाललाई दिएको हो र चीनको मित्रवत व्यवहार साँच्चिकै प्रशंसायोग्य देखिन्छ ।

चीनको सिन्ह्वा समाचार संस्थाले आफ्नो अनलाइन समाचारमा प्रचण्डको चीन भ्रमणलाई प्रमुख समाचार बनायो । ठूलो आकारले होइन, व्यवहारले हुनुपर्छ भन्ने चीनको यो उदाहरणले सानो आकारको नेपालको दंग पर्दा हुन्छ । चीनले नेपाललाई पञ्चशीलको सिद्धान्तको आधारमा सम्मान गरेको छ । चीन त्यसै महान बनेको होइन । चीनको आर्थिक र आदर क्रान्ति त्यसै विश्वविख्यात भएको होइन ।

चीनका राष्ट्रपति सी जिन पिङले नेपाललाई ठूलै महत्व दिएको देखिन्छ । राष्ट्रपतिको प्रमुख ध्यान नेपाली भूमिबाट चीनविरोधी गतिविधि नहोस् भन्नेभन्दा थप कुनै अपेक्षा गरेको देखिदैन । नेपालको राजनीतिक स्थिरताका लागि छिटो चुनाव गर्न राष्ट्रपतिले सुझाव दिएका छन् । अव प्रचण्डका सामु चीनका राष्ट्रले दिएको जिम्मेवारीमा खरो उत्रनुपर्ने नैतिक जिम्मेवारी आइपरेको देखिन्छ ।

निश्चय नै ठूला चार दल चारतिर टाउको फर्काएकाले समस्या थपिएको र समाधान ननिस्केको तीतो यथार्थ हामी व्यहोरिरहेका छौं । चुनाव जति ढिलो भयो, पश्चिमाहरूको दबदबा झन झन बढ्ने निश्चित छ । विदेशी हस्तक्षेपसँग जुध्ने सामर्थ्य त्यसै पनि कमजोर भएर गइसकेको छ । छिटो चुनाव हुनु भनेको शान्ति, स्थिरता र विकासका लागि समेत महत्वको विषय हो । सम्भवतः यही कुरातिर चीनका राष्ट्रपतिले संकेत गरेर छिटो चुनाव गर्न आग्रहसहितको सल्लाह दिएको हुनुपर्छ ।

अव चीनले सहमति, निर्वाचन र संविधान निर्माण गरेर नेपालको स्वाधीनता र एकता बचाउनुपर्ने दायित्व प्रचण्डमाथि आइपरेको छ । पहिले पनि चीनले जातीय आधारमा संघीयतामा नजान सुझाव दिएको थियो । अव थप सुझाव दिएर चीनले स्थिरताको दायित्व प्रचण्डमाथि सुम्पेको छ । चीनले निर्वाचनका लागि चाहिने सहयोग दिन पनि तत्परता देखाइसकेको छ ।

उता भारत नेपालमाथि दिनदिनै हावी हुँदै गइरहेको छ । भारतले सीमा अतिक्रमणदेखि दैनिक जीवनयापनसम्म हालीमुहाली चलाइरहेको छ । नेपाल दिनहुँ भारतबाट पीडित छ । दिल्लीमा भएको १२ बुँदे सहमतिदेखि भारत दादागिरी चलाउँदै आएको छ । नेपालको सार्वभौमिकतालाई खुम्च्याउन भारतको यही प्रवृत्ति र नेपाली नेताहरूको लम्पसारनीति जिम्मेवार देखिन्छ । सीमा अतिक्रमण त भारतको नाङ्गो नाच हो भन्दा फरक पर्दैन । यी तमाम विषयमा नेताहरू, पार्टीहरू बोल्दैनन् । यी कस्ता स्वाधीन र देशभक्त हुन् ?

मधेसवादी पार्टीहरू दिनहुँ मधेसको हक र अधिकारको कुरा गर्छन् तर सीमा अतिक्रमणबारे एकजना पनि मधेसी नेता बोल्दै बोल्दैनन् । मधेसवादीहरू भारतीयलाई नागरिकता दिएर आफ्नो हक र अधिकारमाथि आफै बन्चरो प्रहार गरिरहेका छन् । यसको प्रतिफल विस्तारै देखिनेछ, मधेसमाथि नव-मधेसेको शासन स्थापित हुँदै जानेछ । आजका मधेसवादी दलहरूको भारतभक्ति मधेसमाथि कहर बन्दै गएको छ ।

देशको अधिकार र सार्वभौमिकता विदेशीद्वारा मिचाएर नबोल्ने नेताहरुको चक्रव्यूहमा नेपालको राष्ट्रियता फसेको छ । नेपाल आमालाई जन्जीर लगाउन यी चाकडीवाज नेताहरू पहिले नै अग्रसर हुने गरेका छन् ।

# हामी र हाम्रो समाज

***शेखर ढुंगेल***

हाम्रो समाजमा राज्य संयन्त्रहरू माथि निस्पक्ष र पारदर्शिताप्रति नागरिकको विश्वास सुन्य जस्तो देखिन्छ । नियमित र कानुन सम्मत तरिकाले नागरिकले सहज र सरल वाताबरण न्याय पाउन सकेको वा न्याय पाउन सकिन्छ भन्ने आशा भरोसा र बिस्वाश गर्न न् सकेको दुखद अवस्था छ । भनसुन र पहुँचको प्रभाब बिना राज्यसंयन्त्रबाट काम लिनु भनेको सपनामा मात्र सम्भब छ । त्यसै कारणले नागरिकमा विकृत मानसिकताले ठाउ पाएको छ । साधरण भन्दा साधरण व्यक्तिगत वा पारिवारिक विवाद मा समेत नागरिक सडक मा उत्रनु को कारणँ राज्य संयन्त्रप्रति अबिस्वास र बितृष्णै नै हो । आफुलाई परेको मर्का राज्य संयन्त्रले गम्भीर भएर हेर्ने निष्पक्ष भएर आबस्यक कार्यबाही सहज र सरल तरिकाले कार्यान्वयन गरी दिने सस्कार र बिश्वासको बाताबरण भएको अवस्थामा नागरिक सडकमा उत्रने थिएनन ।

राज्य संयन्त्रले कसरी जन विश्वास जित्न सक्छ ? एउटा उदाहरण हेरौ । १९९३ को कुरो हो । म जापानको गुन्माकेनबाट टोक्यो को ओगावा भन्ने सानो शहरमा सरेको थिए । गुन्माकेनमा हुदा काम बिशेषले मित्र बि बि थापा (अहिले गीतकार) सित मैले सात् मान अर्थात ७० हजार एन सापट लिएको थिए । सो सापट रकमलाई केही समयपछि मैले साधरण खाममा हालेर हुलाक मार्फत पठाइदिएको थिए । २४ घण्टा कृयासिल रहने जापानी हुलाक सेवा ले साधारणँतया २४ देखि ४८ घण्टा भित्र जापानको कुनै पनि कुनाबाट अर्को कुना मा चिठ्ठी पुर्याई सक्ने गर्दछ । तर मैले पठाएको ७ दिन त के १५ दिनमा पनि न् पुगेको खबर मित्र बि बि थापाबाट आयो । यो के भयो यस्तो त हने सक्दैन । मेरो मनमा अनेक कुरो खेल्न थाल्यो । कतै मित्र ले मलाइ नै झुठो ठाने कि वा उतै कोइ साथीले खाम बेपत्ता पारिदिएकी ? अब के गर्ने भनेर मैले सहकर्मी जापानिज नागरिकसित सोधे । उनको सल्लाह बमोजिम मैले खाम खसालेको नजिकको हुलाक कार्यालय र मित्रले आफ्नो नजिकको हुलाक कार्यालयमा खाम हराएको कुरो राख्यौ ।त्यसको ठिक दुई दिनपछि म कामबाट फर्कदा कोठाको ढोकामा एउटा खाम पाए । खोलेर हेरे मलाइ भेट्न टोक्योको केन्द्रीय हुलाक कार्यालयबाट दुईजना कर्मचारी आएका रहेछन र भेट्न नसकेकोमा माफ पाउँ भन्दै खाम हराएको बारेमा बुझ्न आएको थियौ भेट्न सकेनौ । तपाईलाई असुबिधा हुन्न भने टोक्योको हुलाक कार्यालयको यो नम्बरको कोठामा म फलानो, यो मिति र समयमा भेट्न वा तपाईलाई भेट्न कुन समय अनुकुल हुन्छ फोनमा खबर गर्न म अनुरोध गर्दछु भनेर सूचना छोडेर गएको रहेछन ।

सहकर्मी साथी लाई त्यो कुरो बताए ।त्यो समयमा पुग्न आफ्नो काम सिध्याउनु अनिबार्य थियो । लन्च समयमा समेत काम गरेर त्यो दिनको काम सिध्यायो र टोक्यो तर्फ लाग्यौ जुन रेलमा एक घण्टाको यात्राको दुरीमा थियो । हामी ती कर्मचारीको कोठामा पुगेर आफ्नो परिचय दियौ । त्यसपछि ती कर्मचारीको ब्यबहार देखेर मेरो आँखा रसायो । होइन यी कस्ता मानिस हुन् ? पृथ्वीमा यस्ता मानिस पनि छन् ? रहेछन मैले आफ्नो जीवनमा कतै सुनेको र पढेको समेत थिएन । लाग्दथ्यो उनी एक ठूलो अपराधी हुन् र म न्यायाधीश हुँ । उनी हरेक अर्को शब्दमा असुबिधा को लागि माफ पाऊ मेरो कर्मचारी बाट भएको गल्तीको लागि माफ पाउँ भन्दै थिए । उनी अंग्रेजी नबोल्ने म शतप्रतिशत नीहोंगो (जापानिज भाषा) नबुझ्ने तर त्यो अवस्थाको आभास ती हुलाकका हाकिमलाई पहिले नै भएको रहेछ र साथमा अंग्रेजी बुझ्ने अर्को साथीलाई पनि त्यहाँ सँगै बोलाएका रहेछन ।

उनले मेरो बारेमा सम्पूर्ण जानकारी लिएँ करिब आधा घण्टाको त्यो सम्बादको बिचमा । यो खान्छस कि त्यो खान्छस् कि ? उनको त्यो ब्यबहारले यस्तो भाबबिभोर बनायो कि कतै मैले पैसा भएको खाम हराएको उजुरी गरेर उनीहरूलाई दुख त दिएको छैन ? जस्तो पो लाग्न थाल्यो । मेरो बारेमा जानकारी लिसके पछी । उनले बताए कि त्यहीँको एक कर्मचारीले त्यो खाम च्यातेर पैसा निकालेको रहेछ । उनलाई जेल चलान गरेर कार्यबाही सुरू भैसकेको रहेछ ।उसको तर्फ बाट उनि बार बार माफ माग्दै थिए ।त्यस पछी उनले भने अब हामी अलि कति कानुनी प्रकृयाको लागि कागज पत्र बनाउने छौ र तपाईको पैसा फिर्ता गर्छौं । आफ्नो अमूल्य समय दिएर हामी लाई सहयोग गर्नु भएकोमा धेरै धेरै धन्यवाद भन्दै फेरी अनि फेरी माफ माँगे र हामीलाई तल ढोकासम्म पुर्याउन आए ।

त्यसको तेस्रो दिन मेरो पोस्ट बक्समा टोक्यो हुलाक कार्यालय बाट पठाएको खाम आईपुग्यो । खोलेर हेरे ।मेरो सात् मान अर्थात (७० हज्जार एन )सहित खाम मा लगाएको टिकेट (टिकेट बराबरको अर्को टिकेट) दुई जनाको रेल खर्च समेत पठाएको रहेछन । अब सोच्नुस् त कसरी बढ्छ नागरिक र राज्य संयन्त्र बिचको मधुर संबन्ध बिस्वास र सहयोगी भावना ? हामी पनि त यसै धति कर्मा मानिस हौ किन अनुशरण गर्न सक्दैनौ ? हामी आफ्नो पीडाको गुनासो गर्छु के अरूको पीडालाई बुझ्ने कोसिस गरेका छौ ? प्रत्येक नागरिक चाहे त्यो राष्ट्र सेवक होस् वा सर्बसाधारण प्रचलित नियम कानुन अन्तर्गत इमान्दरिपूर्वक पारदर्शी एबम निष्पक्ष कारबाही गर्न र गराउन सहयोगी हुनुपर्दछ ।

## सिटिजन्स बैंक सातौं वर्षमा

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल स्थापनाको ६ वर्ष पूरा गरी सातौं वर्ष प्रवेश गरेको छ । बैंकले सातौं वार्षिकोत्सव अवसरमा विभिन्न कार्यक्रम आयोजना गरेको जनाएको छ ।




बैंकले चालू आर्थिक वर्षको चैत मसान्तसम्म २१ अर्ब ४२ करोड निक्षेप संकलन गरी १८ अर्ब ६ करोड कर्जा प्रवाह गरेको छ । चैत मसान्तसम्म बैंकले २२ करोड ८६ लाख खुद मुनाफा आर्जन गरेको जनाएको छ । बैंकका हाल मुलुकभर ३४ शाखा सञ्जाल छन् ।

## अपीका सात कार्यक्रम

कास्की/ लेखनाथमा मुख्य कार्यालय रहेको अपी फाइनान्सले स्थापनाको सातौं वार्षिकोत्सव सात कार्यक्रम गरी मनाउने भएको छ ।

कम्पनीले सातौं वर्ष प्रवेश अवसर पारी सातौं बर्ष, सात कार्यक्रम, सातै शाखा, सातै दिन नारासहित वैशाख ८ देखि १४ सम्म विविध कार्यक्रम गर्ने शनिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा प्रबन्ध सञ्चालक ध्रुवराज तिवारीले जानकारी दिए । कार्यक्रमअन्तर्गत वृद्धवृद्धालाई खाद्यान्न, छात्रवृत्ति वितरण निःशुल्क दन्त परीक्षण शिविर, रक्तदानलगायत आयोजना गरिने कम्पनीको विज्ञप्तिमा उल्लेखछ ।

## सिद्धार्थ क्यापिटललाई दर्ता प्रमाणपत्र

काठमाडौं/ नेपाल धितोपत्र बोर्डले सिद्धार्थ क्यापिटल लिमिटेडलाई केन्द्रीय निक्षेप कम्पनीको निक्षेप सदस्यको रूपमा कार्य गर्न दर्ता प्रमाणपत्र प्रदान गरेको छ । कम्पनीले सिडिएस एन्ड क्लियरिङ लिमिटेडबाट सदस्यता लिई चाँडै नै निक्षेप सदस्यको रूपमा कार्य गर्ने सोमबार विज्ञप्तिमार्फत जानकारी गराएको छ ।

## डेभलपमेन्ट बैंकर्स संघमा लामिछाने

काठमाडौं/ डेभलपमेन्ट बैंकर्स एसोसिएसनको अध्यक्षमा कृष्णराज लामिछाने चयन भएका छन् । उनी कैलास विकास बैंकका प्रमुख कार्यकारी अधिकृत हुन् । एसोसिएसन विकास बैंकको छाता संस्था हो । ८९ विकास बैंकको आबद्धता रहेको एसोसिएसनको प्रथम उपाध्यक्षमा मुक्तिनाथ विकास बैंकका प्रमुख कार्यकारी अधिकृत भरतराज ढकाल र द्वितीय उपाध्यक्षमा महाकाली विकास बैंकका विदुरमानसिंह बस्नेत निर्वाचित भएका छन् । यसैगरी महासचिवमा गैरीशंकर डेभलपमेन्ट बैंकका अशोक खड्गी, सचिवमा कामना विकास बैंकका उमेशकुमार आचार्य र कोषाध्यक्षमा रेसुंगा विकास बैंकका प्रकाश पौडेल चयन भएका छन् । संघको कार्यकारी सदस्यमा इन्नोभेटिभ डेभलपमेन्ट बैंकका प्रबिन दाहाल, दियालो विकास बैंकका रामशरण न्यौपाने, सिन्धु विकास बैंकका सञ्जीव प्रधान, गौमुखी विकास बैंकका अनिलमणि पोखरेल र हाम्रो विकास बैंकका कपिल ढकाल निर्वाचित भएका छन् ।

# सत्याल बुक्सको नयाँ पुस्तिका बजारमा

काठमाडौं । सत्याल बुक्स एण्ड स्टेसनरी पब्लिकेसनले विद्यालय स्तरीय अभ्यास को नौलो सर्न्दभ बजारमा ल्याएको छ । आज मिडिया इन्टरनेसनलमा पत्रकार सम्मेलन गरी अभ्यास पुस्तिकाको लोकापर्ण गरिएको हो । सत्याल बुक्स एण्ड स्टेसनरी पब्लिकेसनका प्रबन्ध निर्देशक अजयकुमार सत्याल, पब्लिकेसनका प्रमुख सल्लाहकार बालकृष्ण श्रेष्ठ, कार्यक्रम संयोजक अर्जुन कुमार गौतम, अभ्यास पुस्तिकाको प्रमुख सम्पादक खेमलाल पोखलले संयुक्त रूपमा पुस्तिकाको लोकापर्ण गर्नुभएको हो ।

लोकापर्ण समारोहमा बोल्दै प्रधान सम्मादक खेमलाल पोखेलले मौलीकताको लेखाई तल्लोस्तरबाटै होस् भन्ने उद्देश्यले शिक्षा मन्त्रालयको पाठ्यक्रममा आधारीत रहेर पुस्तिका प्रकाशन गरिएको जानकारी दिनुभयो ।

पत्रकार सम्मेलनमा बोल्दै कार्यक्रम संयोजक अर्जुन प्रसाद गौतमले आफ्नो पब्लिकेसनले निकालेको अभ्यास पुस्तिकाले विद्यार्थीहरूका लागि औषधीको काम गर्ने बताउनुभयो । बालमनोविज्ञानमा आधारीत रहेर पुस्तिका बजारमा ल्याइएको उहाँको भनाई छ ।

पब्लिकेसनका प्रमुख सल्लाहकार बालकृष्ण श्रेष्ठले कापीको बाहीरी खोलमा विभिन्न हिरो हिरोइनहरूको भल्गर तस्विर राखेर बिकृति निम्तिएको अबस्थामा त्यस्ता बिकृतिलाई हटाउन पठ्यक्रमसँग सम्वन्धित व्यक्तिहरूको जानकारी राखिएको बताउनुभयो ।

अभिभावक, विद्यार्थी र विज्ञहरूलाई समेल गराएर पुस्तिका तैयार पारिएकोले यस पुस्तिकाले प्रभावकारीता पाउने सत्याल बुक्स एण्ड स्टेसनरी पब्लिकेसन प्रा.लि. का अजय कुमार सत्यालको भनाई छ । पुस्तिका बिक्रीबाट प्राप्त आम्दानीको केही भाग असहायलाई प्रदान गरीने पनि सत्यालले जानकारी दिनुभयो । विभिन्न साइजमा बजारमा ल्याइएको पुस्तिकाको मुल्य ५० रूपैयाँदेखि १०० रूपैयाँसम्म रहेको छ । कक्षा १ देखी १० सम्मका लागि मिल्ने गरि कापी बजारमा ल्याइएको हो ।

# अबैध काठ बरामद

इलाम । इलामको चिसापानी-८ बाट एपीएफ टोलीले करीव नौ सय क्यूफिट बराबरको गोलिया काठ बरामद गरेको छ । सामुदायिक वनमा अवैध रूपले कटान गरी लैजान लागेको चिलाउने र टुनी जातको गोलिया काठ सशस्त्र प्रहरी बल सुरक्षा वेस दानाबारीबाट खटिएको एपीएफ टोली र वन कर्मचारीले वेवारिसे अवस्थामा फेला पारेको हो । पाँच लाख रूपैयाँभन्दा बढीको बरामद काठ एपीएफ टोलीले आवश्यक कारवाहीको लागि स्थानीय वन कार्यालयमा बुझाएको छ । यसैगरी सशस्त्र प्रहरी बल सुरक्षा वेस हरिवनबाट खटिएको एपीएफ टोलीले बैशाख ९ गते सर्लाहीको लालबन्दीबाट करीव एक लाख २० हजार रूपैयाँ बराबरको एक सय ३० क्यूफिट बराबरको सखुवाको गोलिया काठ बरामद गरी आवश्य कारवाहीको लागि स्थानीय वन कार्यालयमा बुझाएको छ ।

यस्तै एपीएफ टोलीले रौतहटको चन्द्रनिगाहापुरबाट झण्डै एक हजार दुई सयवटा कुखुराको चल्ला तथा सो ल्याउन प्रयोग भएको दुईवटा बलेरो जीप बरामद गरेको छ । बा.१० च २४९० नम्बर र बा.९ च ६०३५ नम्बरको जीपमा अवैध रूपले ल्याउँदै गरेको बोइलर कुखुराको चल्ला सशस्त्र प्रहरी बल सुरक्षा बेस सन्तपुरबाट गस्तीमा खटिएको एपीएफ टोलीले बरामद गरेको हो । एपीएफ टोलीले त्यसवेला उक्त गाडीका चालकलाई समेत नियन्त्रणमा लिएको छ । बरामद चल्ला स्थानीय पशु क्वारेन्टाइन पोष्टका कर्मचारी, स्थानीय वासिन्दा लगायतको रोहवरमा नष्ट गरिएको छ ।

### राप्रपाभित्र...

चुनावमा जान नसकिने, देश गणतन्त्रात्मक भइसक्यो भनेका छन् । तर थापा र राणाले यसो भने पनि दुवै पार्टीभित्र राजतन्त्रवादी कार्यकर्ताको बाल्कै चाप देखिन्छ ।

०६३ सालदेखि गणतन्त्रवादी भएका यी दुई नेताहरू आगामी चुनावमा भोट बटुल्नैका लागि हिन्दू राज्यको मुद्दामा फर्किएर यिनको मुखुन्डो उत्रेपछि विश्लेषकहरू चुनाव जित्न यिनीहरू राजतन्त्रवादी बन्न सक्छन भन्ने ठहर गर्दैछन् ।

### प्रचण्ड...

वर्षको राजतन्त्रले भैँ देशको जिम्मा लिएको घोषणा गर्छन् भने स्वभाविक रूपमा सबैले प्रश्न गरेका छन्, यी कस्ता नेता हुन ? प्रचण्डको मस्तिष्क त ठीक छ ? प्रचण्ड नायक हुन् कि खलनायक ? यी तमाम जिज्ञासाहरूको जवाफ २०६३ सालपछिका घटनाक्रमबाट आइसकेका छन् र आगामी निर्वाचन पछि प्रष्टहुने दाबी पर्यवेक्षकहरूको छ ।

### पूर्वप्रधानमन्त्रीहरुको...

वास्तविक विवरण समेत राखिएको छैन् । पूर्व प्रधानमन्त्री डा.बाबुराम भट्टराईले राज्यकोषबाट १७ कारोड ७५ हजार २ सय १६ रूपैयाँ बाँडेका छन् । उनको प्रधानमन्त्री कार्यकाल ५ सय ६३ दिन रहेको थियो । दुई सय चार दिन प्रधानमन्त्री भएका नेकपा एमालेका अध्यक्षले खनालले ११ करोड ९९ लाख ७८ हजार १२ रूपैयाँ वितरण गरेको अर्थमन्त्रालयको रिपोर्टमा उल्लेख छ भने सबैभन्दा बढी समय प्रधानमन्त्री भएका माधव कुमार नेपलाको कार्यकालमा ३२ करोड २२ लाख ५३ हजार ९ सय २८ रूपैयाँ रहेको छ । उनी ६ सय २२ दिन प्रधानमन्त्री भएका थिए । त्यसैगरी २ सय ८० दिन प्रधानमन्त्री भएका एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले चन्दा स्वरूप ८ करोड ४५ लाख ४२ हजार ९ सय ३७ रूपैयाँ राज्यकोषबाट बाँडेका छन् । यसरी यी चार पूर्व प्रधानमन्त्रीहरूले शासन गरेको दिनको हिसाब गर्दा एक दिनमा औषत तीन लाख देखि ५ लाख ८८ हजारसम्म रकम बाँडेको देखिएको छ । यसरी रकम बाँड्नमा खनाल सबैभन्दा अगाडि रहेका छन् ।

जनआन्दोलन, सहिद र मधेश आन्दोलनमा सहिद भएका परिवारहरूलाई न्यून रकम बाँडिएको र सबैले आफ्ना पार्टीका कार्यकर्ता र आफु नजिकको नेताहरूलाई राज्यकोष लुटाएका छन् । भट्टराई सरकारले एमाओवादी नेता सोनाम साथीलाई ४२ लाख ५८ हजार र पूर्व परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठलाई २८ लाख ६० हजार ३ सय बाँडेका छन् । भट्टराई सकरारबाट बढी रकम पाउनेमा एमाओवादीसँग सम्बन्धित संघसंस्थाहरू नै रहेका छन् । जसमा माक्सीय गुरुकुललाई ६० लाख, जनयोद्धा संरक्षण केन्द्रलाई ३० लाख, घनश्याम ढकाल स्मृति प्रतिष्ठानलाई ३० लाख, भीमदत्त स्मृति प्रतिष्ठानलाई ३० लाख र मधेशी नेता र एमाओवादीले राष्ट्रपतिको उम्मेदवार बनाएका रामराज स्मृति प्रतिष्ठानलाई ३० लाख र गजेन्द्रनारायण सिंह स्मृति प्रतिष्ठानलाई ३० लाख रहेको छ । यसरी प्रत्येक प्रधानमन्त्रीले राज्यकोषको ब्रम्ह लुट मच्चाउदासमेत त्यसलाई नियन्त्रण गर्न नसक्नु र त्यो रकम बेरूजुमा राखेर सम्बन्धित व्यक्तिहरूबाट असुल उपर गर्नुपर्ने आवजा समेत उठ्न थालेको छ । केही जानिफकारका अनुसार मन्त्रीपरिषद् कार्यालय तथा प्रधानमन्त्रीको कार्यालय पछिल्लो समयमा भ्रष्टाहरूको अखडा र राज्यकोष दुरूपयोग गर्ने प्रमुख थलो नै बनेको दाबी गरेका छन् ।

### सेनापति...

राष्ट्रपतिबीच भएको कुराकानी कसरी बाहिर आयो, राष्ट्रपति सेनाका परामाधिपति समेत रहेका हुनाले राष्ट्रपति र प्रधानसेनापतिको नियमित भेटघाट हुने प्रचलन रहेको छ । तर पूर्वप्रधानमन्त्री एवं एमाओवादीका जिम्मेवार नेताले 'कु' गर्न राष्ट्रपति र सेनापतिबीच कुराकानी भएको गम्भीर आरोप लगाउँदा समेत सेनापति राणा मौन रहनुले सेनापति राणामाथि शंका, उपशंका जन्मिनु स्वभाविक भएको पूर्वसैनिकहरूले बताएका छन् । एक पूर्वसैनिकका अनुसार प्रधानसेनपति राणाले के भएको थियो भनेर प्रष्ट पार्नै पर्ने बताए ।

केही समय पहिला राष्ट्रपति डा.यादवले पूर्वप्रधानमन्त्री भट्टराईको नेतृत्वमा रहेका सकारले भ्रष्टाचार गरेको आरोप लगाएको भन्दै भट्टराईले त्यसको कडा प्रतिवाद गरेका थिए । जेठ १४ पछि संविधानसभा विघटन भएलगत्तै साउन ७ गते निर्वाचनसम्बन्धी अध्यादेश रोकर दसैं र तिहारको बीचमा र मंसिर ७ गते निर्वाचन हुन नसकेपछि गरी चार पटक 'कु' को असफल प्रयास गरेको आरोप भट्टराईले लगाएका छन् ।

राष्ट्रपतिले त्यसरी 'कु' गर्न गरेको कुरा गलत भएको भन्दै भट्टराई सरकारका उपप्रधानमन्त्री एवं गृहमन्त्री विजयकुमार गच्छदारले राष्ट्रपतिले दलहरूको सहयोग र समर्थनमा नै कार्यहरू अगाडि बढाएको भन्दै भट्टराईको भनाईलाई खण्डन गरेका छन् । भट्टराईको आरोप मिथ्या रहेको र भविष्यमा पनि राष्ट्रपतिले संविधानको परिधिमै रहेर अगाडि बढ्ने बताउँदै गच्छदारले संविधानको संरक्षकको हैसियतमा संविधानको संरक्षण गर्नु राष्ट्रपतिको दायित्व भएको बताएका छन् । यसरी एउटै मन्त्रिपरिषद्मा रहेका प्रधानमन्त्री र उपप्रधानमन्त्रीबीच कुरा बाझिनु र गृहमन्त्री भएका नाताले गच्छदारले 'कु' को प्रयास नभएको स्वीकार गर्नुले भट्टराईले लगाएको आरोप सरासर निराधार भएको प्रष्ट हुन्छ । त्यसैले राष्ट्रपति कार्यालयले त्यस्तो आरोप खण्डन गर्न लायक समेत नभएको आरोपका बारेमा के खण्डन गर्ने भन्दै राष्ट्रपतिका प्रेस सल्लाहकारले बताएका छन् । उता नेकपा एमालेका अध्यक्ष झलनाथ खनालले निर्वाचन भाँड्नको लागि भट्टराईले त्यस्तो अभिव्यक्ति दिएको हुन सक्ने बताएका हुनाले दलहरूबीच फेरि आरोप प्रत्यारोप चल्न सक्ने अनुमान गरिएको छ । भट्टराईले अवाश्यक परे 'कु' को सम्बन्धमा आफूले प्रष्ट पार्ने उद्घोष आफ्नै निवासमा वैशाख ६ गते पत्रकारहरूसँगको भेटघाटमा बताएका हुन् ।

### आयोग र...

र दलका नेताहरूबीच जुहारी चल्न थालेको दृश्य प्रायः दिनहुँ देखिन थालेका छन् । निर्वाचनको शुद्धताका लागि आयोगले कानुन निर्माण गरेर प्रस्ताव नै गरिसकेको भएपनि त्यस्तो कानुनलाई आफूलाई ठूलो क्रान्तिकारी पार्टी ठान्ने दलले स्वीकार गर्न सकेको छैन । राजनीतिमा शुद्धिकरण आउने पर्छ । यदि बेलैमा राजनीतिलाई अपराधिकरणबाट मुक्त गर्न नसकिएको खण्डमा केही समयपछि संसद राजनीतिक अपराधीहरूको अखडा बन्न सक्ने सम्भावना बढेको हुनाले पनि फौजदारी केश लागेका व्यक्तिहरू केही समयका लागि राजनीतिबाट मुक्त हुनै पर्दछ । तर त्यसको लागि सबै राजनीतिक दलमा सुधारको आवश्यकता छ । दलहरूको प्रतिबद्धता र सुधार विना निर्वाचन आयोग र सरकारले मात्र केही गर्न सक्ने अवस्था छैन ।

पछिल्लो संविधानसभामा सभासदहरूको संख्या जम्बो बनाइएको भन्दै जनताबाट व्यापक विरोध भएको थियो । ६ सय १ सभासदलाई दिइने तबलभत्तालगायतको सुविधाले गर्दा विकास निर्माणका कार्यहरू ठप्प भएका थिए । अहिले फेरि केही राजनीतिक दलहरू आउँदो संविधानसभा सदस्यहरूको संख्या पहिलाकै जति अर्थात् ६ सय १ नै राख्नु पर्ने तर्क गर्न थालेका छन् । त्यो सरासर जनताको अपमान र सर्वाभौमसत्ता सम्पन्न नेपाली जनतामाथि ऋणको भार बोकाउने कार्य बाहेक अन्य केही हुन सक्दैन । निर्वाचनमा जाँदा आफूहरू हारिने डरले एमाओवदी र केही मधेशवादी दलहरू सभासदको संख्या ६ सय १ नै राखी आफूहरू फेरि संविधानसभामा पुग्ने आफ्नो मार्ग प्रशस्त गर्न लागेका हुनाले अब कुनै हालतमा पनि सभासदको संख्या ६ सय १ राखिनु उचित हुँदैन । छिमेकी मुलुक भारतमा १ अर्ब २० करोड जनसंख्या भएपनि त्यहाँ लोकसभामा जम्मा ५ सय ४५ रहने व्यवस्था छ भने २ करोड ६६ लाख जनसंख्या भएको हाम्रो जस्तो गरिब मुलुकमा सभासदको संख्या ६ सय १ हुनुपर्छ भन्नुको वैज्ञानिक आधार के ? के त्यस्ता दलहरूले त्यसको उत्तर जनतालाई दिन सक्छन् ?

### प्रहरी नै...

प्रहरीमा रिपोर्ट गर्न गएका थिए । तर प्रहरीले जाहेरी लिएन । उल्टै धम्काएर अपराध लुकाएर वैशाख ५ गतेको घटना केही दिन सामसुम हुन पुगेको थिया । मुलुकमा नियमित रूपमा बलात्कारका घटना भइरहेका छन् । प्रहरी प्रशासनमा बलात्कारीलाई संरक्षण दिने मनोवृत्ति देखिएकाले समस्या झन विकराल बन्दै गएको छ । प्रहरीलाई बलात्कार रोक्न र बलात्कारीविरूद्ध कसरी सक्रिय पार्ने भन्ने समस्या देखिएको छ ।

### यो नै हो वास्तविक...

हुन सक्दैन, त्यो बुझी राखौं । त, चर्चा हुँदै थियो, मुलुकमा रहेका सम्पूर्ण शक्तिहरूलाई समेटेर मात्र सर्वामान्य संविधान निर्माण गर्न सकिन्छ भन्ने । त्यसो त, कांग्रेसका महामन्त्री कृष्ण सिटौलाले गत बुधबार लोकतन्त्र दिवसका अवसरमा आउँदो मंसिरमा पनि चुनाव भएन भने यो गणतन्त्र र लोकतन्त्र दुवैको अवशान हुने छ भनेर भविष्यवाणी गरिनै सके । त्यसकारण त्यो अवस्था आउन नदिनका लागि मोहन वैद्य समूह, उपेन्द्र यादव समूहलगायत ३३ दललाई रिझाएर चुनावमा सम्मिलित गराउन सकियो भने सम्पूर्ण समस्या समाधान भई शान्ति, स्थिरतासहितको गणतन्त्र नेपालाको उदय हुन्छ भन्ने जुन भ्रम फिजाइएको छ, त्यो गलत छ । कसैलाई विश्वास छ ? कि यहाँका राजनीतिक दलहरूले परम्पराजगत शक्ति अर्थात राजसंस्थालाई 'मानइनस' गरेर आफूहरू एक्लैले मुलुकलाई अगाडि बढाउन सक्छन भन्ने कुरामा !! अब त प्रष्ट भइसक्यो कि, यो कुरा असम्भव छ भनेर । बुझौँ, नेपालको वस्तुस्थिति, हावापानी एवं भू-बनोटका कारणले पनि राजसंस्थालाई स्थान दिनै पर्छ भन्ने कुरा ।

जानौं, राजसंस्थालाई साथ नलिएसम्म आफू र यो मुलुकको खैरियत छैन भन्ने कुरा । त्यसकारण अब प्रतिगामी तत्व' भनेर मात्र अरोप लगाउने समय छैन । अत्यन्त संवेदनशील अवस्थामा रहेको मुलुकलाई यदी निकास दिने हो भने, राजसंस्थालाई निषेध गर्ने राजनीतिलाई त्यागौं । हिजो जतिबेला नेपाल राजतन्त्रको युगमा थियो, त्यसबेला पनि एकथरीलाई निमिट्यान्न पार्न खोजियो र मुलुक आजको अवस्थामा आईपुग्यो । ठिक त्यसैगरी आज पनि परम्परागत शक्तिलाई नै रोक्न खोजिँदैछ । त भोली मुलुक कुन अवस्थामा पुग्ने हो ? त्यो सम्झँदा पनि वास्तवमा कहाली लाग्दो छ । त्यसकारण विना राजसंस्थालाई समेटी संविधानसभाको (दोस्रो) निर्वाचन, अनि त्यसपछि संविधान, त्यसपछि शान्ति, स्थिरता, विकास यी सम्पूर्ण कुराहरू बेमानी हुन् । बेमानी यस अर्थमा कि, यो सम्भव नै छैन । जबसम्म राजासहितको प्रजातान्त्रिक संविधान (२०४७को) को सुनिश्चितता हुँदैन, तबसम्म यो मुलुकले कुनै दिशा लिन सक्दैन । त्यसो त, यहाँ एकथरि यस्ता पनि छन्, जो आफूलाई राजसंस्थाको पक्षधर हौं भनेर दाबी पनि गर्छन् । तर तिनले भने अनुसारको जनमत संग्रहबाट राजतन्त्र वा धर्म (अनि संघीयता)को निर्क्योल गर्न खोज्यो भने मुलुक अझ चौपट हुनेछ । ती वास्तवमा राजावादी नै होइनन् । निर्वाचनमा यति विघ्न धाँधली हुने यो मुलुकमा जनमत संग्रहको अयोजन गरेर निष्पक्ष छिनोफानो गर्न सकिन्छ ? त्यसकारण त्यो 'तरिका' तिर जानु भनेको वैधानिक रूपबाटे (!) अर्थात् धाँधलीपूर्ण निर्वाचन गराएर यहाँको परम्परागत शक्तिलाई सदा सदाका लागि लोकतान्त्रिक पद्दति (?)बाटै विदा गर्नु हो । अझ भन्नु पर्दा मुलुकको अस्तित्व नै समाप्त पार्न खोज्नु हो । त्यसकारण फेरि पनि भनौं उत्तम निकास भनेकै ०४७ सालको संविधानमा समयानुकूल संशोधन नै हो । अब यसमा कसैले आफ्नो चित्त नदुखाउन् ।

वैदेशिक रोजगार व्यवसायमा भरपर्दो तथा विश्वसनीय नाम
गोल्डेन इगल म्यानपावर प्रा.लि.
नयाँ बानेश्वर, काठमाडौं, नेपाल, पो.ब.नं. ८९७३, एनपीसी ६८७,
फोन : ४४७४६५६, ४४९८५८७, फ्याक्स : ४४६७१९८
Email- goldeneagle@wlink.com.np

रोजगारीका लागि गरिने विज्ञापन बैदेशिक रोजगार विभागबाट स्वीकृति प्राप्त गरेका विज्ञापनलाई मात्र विश्वास गरौं र ठगिनबाट जोगिऔं ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुदुनगर, फोन : ४४७०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९, बजार व्यवस्थापक : मनोज खड्का (९८४१९१६०७६) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार